परिवर्तनका लागि अब आन्दोलन गरिहनु पर्दैन : पूर्वसभामुख नेम्वाङ पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ११ • २०८० साल जेठ १७ गते बुधबार (31 May, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# दिनदहाडै बैंकमा डकैती
## कर्मचारी शंकाको घेरामा

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको महोत्तरी गाउँपालिकामा रहेको एनएमबी बैंकमा दिनदहाडै लुटपाट भएको छ ।

मंगलबार दिउँसो महोत्तरी गाउँपालिका- २ महोत्तरी बजारमा रहेको एनएमबी बैंकको शाखा कार्यालयमा हतियारधारीहरुको एक समूहले लुटपाट गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

दिउँसो १२ बजेर २५ मिनेटमा हतियारधारी लुटेराहरु बैंक पुगेर करीब ३८ लाख लुटपाट गरेको महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले जानकारी दिए ।

उनका अनुसार बैंकमा चार जना लुटेरा मास्क लगाएर गएको देखिन्छ । सबैको हातमा पेस्तोल थियो । उनीहरुले सुरुमा काउन्टर बाहिरबाट एक कर्मचारीलाई पेस्तोल देखाएको सिसिटिभी फुटेजमा देखिएको जानकारी दिए ।

उनले भने-'त्यसपछि ग्राहकलाई एक ठाउँमा उभ्याएर उनीहरू काउन्टरभित्र प्रवेश गरेको भिडिओमा देखिन्छ । लुटेराहरु एक ग्राहकको कपडा लिइ भित्र गइ पैसा संकलन गर्न थाल्छन् । केहीबेरमा त्यही कपडामा पैसा पोको पारेर



ल्याएको देखिएको छ ।'

बैंकले करीब ३८ लाख लुटिएको प्रहरीलाई जानकारी गराएका छन् । तर त्यो रकम यकिन नरहेको एसपी मल्लले बताए । एक/दुई लाख तलमाथि हुनसक्ने उनको कथन छ ।

प्रहरीले अहिले मानवीय र प्राविधिक आधारमा अनुसन्धान गरिरहेको छ । लुटेराहरु बैंकबाट पैसा लिएर भागेको सिसिटिभी फुटेजमा देखिन्छ । सीमा शील गरी प्रहरीले अनुसन्धान गरिरहेको छ ।

'अहिले तत्काल भनिहाल्नुपर्ने केही छैन् । हामीले विभिन्न माध्यमबाट अनुसन्धान गरिरहेका छौं,'एसपी मल्लले भने,'सीमा शील गरिएको छ । अनुसन्धान पहिले बैंकबाट शुरु गरेका छौं । कर्मचारीहरु पनि निगरानीमै छन् ।'

सीसीटिभी फुटेजमा कर्मचारीहरुको व्यवहार शंकास्पद रहेको प्रहरीको अनुमान छ । महोत्तरी बजार भन्दा केही दूरीमा पिपरामा प्रहरी चौकी र जलेश्वरसमेत नजिकै रहेका कारण सामान्य रुपमा डकैती गर्नु चुनौतीपूर्ण रहेको प्रहरीको भनाइ छ ।

बैंकका कर्मचारीहरुसमेत घटना स्थलमै छन् । महोत्तरीबाट सीमा क्षेत्र नजिकै रहेका कारण डाकाहरु सीमा नाका पार गर्न सक्ने भएकाले सीमामा प्रहरी सुरक्षा बढाइएको छ भने सर्वसाधारणदेखि अन्य सबैको चेकजाँचमा कडाइ गरिएको छ ।

खुल्ला सीमा नाका रहेका कारण मुख्य सडक नभइ अन्य ठाउँबाट पनि उनीहरु फरार हुन सक्ने भएकाले सबै ठाउँमा नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई तैनात गरिएको छ ।

## बजेटमा मधेश प्रदेश उपेक्षित
# संघीयता पक्षधर सरकारले पनि गरे विभेद

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले आर्थिक वर्ष २०८०/८१ मा सात प्रदेशमा १ खर्ब ५ अर्ब ६ करोड ६८ लाख रुपैयाँ अनुदान पठाउने भएको छ ।

बजेटको अन्तर सरकारी वित्तीय हस्तान्तरण पुस्तिका अनुसार सबैभन्दा धेरै अनुदान कर्णाली प्रदेशले पाएको छ ।

संघीय सरकारले समानीकरण, सशर्त, विशेष र समपूरक गरी चार शीर्षकमा प्रदेशमा अनुदान पठाउने गरेको छ ।

प्रदेशले पाएको अनुदान चालु आर्थिक वर्ष २०७९/०८० को भन्दा २४ अर्ब ३९ करोड रुपैयाँ कम हो । सरकारले पठाएको अनुदानमा सवै भन्दा कम मधेश प्रदेशलाई पठाएको छ ।

मधेश प्रदेशले १३ अर्ब ४५ करोड ३५ लाख रुपैयाँ पाएको छ । जसमध्ये ९ अर्ब ५६ करोड २६ लाख चालुतर्फ र ३ अर्ब ८९ करोड ९ लाख पुँजीगततर्फ रहेको छ । मधेशले पाएको कुल अनुदान कर्णालीले पाएभन्दा २ अर्ब ८२ करोड कम हो । मधेशले समानीकरण अनुदान ७ अर्ब ४१ करोड, सशर्त अनुदान ४ अर्ब ५६ करोड ८५ लाख, विशेष अनुदान ४९ करोड र समपूरक अनुदान ९८ करोड रुपैयाँ पाएको छ ।

उक्त पुस्तिकामा उल्लेख भए अनुसार कर्णाली प्रदेशले १६ अर्ब २७ करोड ३९ लाख रुपैयाँ अनुदान पाएको छ । जसमध्ये ११ अर्ब ८८ करोड १७ लाख चालुतर्फ र ४ अर्ब ३९ करोड २२ लाख रुपैयाँ पुँजीगततर्फको अनुदान छ । कर्णालीले समानीकरण अनुदान १० अर्ब १६ करोड ४१ लाख, सशर्त अनुदान ४ अर्ब ७५ करोड ३ लाख, विशेष अनुदान ५९ करोड ७९ लाख र समपूरक अनुदान ७६ करोड

> **मधेश प्रदेशले १३ अर्ब ४५ करोड ३५ लाख रुपैयाँ पाएको छ । जसमध्ये ९ अर्ब ५६ करोड २६ लाख चालुतर्फ र ३ अर्ब ८९ करोड ९ लाख पुँजीगततर्फ रहेको छ । मधेशले पाएको कुल अनुदान कर्णालीले पाएभन्दा २ अर्ब ८२ करोड कम हो । मधेशले समानीकरण अनुदान ७ अर्ब ४१ करोड, सशर्त अनुदान ४ अर्ब ५६ करोड ८५ लाख, विशेष अनुदान ४९ करोड र समपूरक अनुदान ९८ करोड रुपैयाँ पाएको छ ।**

१६ लाख रुपैयाँ पाएको छ ।

त्यस्तै, कोशी प्रदेशले १६ अर्ब ११ करोड ७० लाख रुपैयाँ पाएको छ । जसमध्ये चालुतर्फ १० अर्ब ९१ करोड १८ लाख र पुँजीगततर्फ ५ अर्ब २० करोड ५२ लाख रहेको छ ।

कोशीले समानीकरण अनुदान ८ अर्ब ७८ करोड ३८ लाख, सशर्त अनुदान ५ अर्ब ८४ करोड ३२ लाख, विशेष अनुदान ७६ करोड, र समपूरक अनुदान ७३ करोड रुपैयाँ पाएको छ ।

बागमती प्रदेशले संघीय सरकारबाट १५ अर्ब ८१ करोड २३ लाख अनुदान पाएको छ । बागमतीले चालुतर्फ १० अर्ब ७१ करोड ५९ लाख र पुँजीगततर्फ ५ अर्ब ९ करोड ६४ लाख रुपैयाँ अनुदान पाएको छ । बागमतीले समानीकरण अनुदान ८ अर्ब १ करोड ३५ लाख, सशर्त अनुदान ५ अर्ब ७६ करोड ८८ लाख, विशेष अनुदान ७३ करोड र समपूरक अनुदान १ अर्ब ३० करोड रुपैयाँ रहेको छ । सात प्रदेशमध्ये समपूरक अनुदान सबैभन्दा बढी बागमती प्रदेशले पाएको छ ।

गत वर्ष सबैभन्दा धेरै बागमती प्रदेशले २० अर्ब ३२ करोड ६६ लाख अनुदान पाएको थियो । बागमतीको अनुदान आगामी वर्षका लागि करिब ४ अर्ब रुपैयाँले घटेको छ ।

लुम्बिनी प्रदेशले १५ अर्ब ३८ करोड ४२ लाख रुपैयाँ अनुदान पाएकामा १० अर्ब ६५ करोड २१ लाख चालुतर्फ र ४ अर्ब ७३ करोड २१ लाख पुँजीगततर्फको रहेको छ ।

अनुदानमध्ये समानीकरण अनुदान ८ अर्ब १४ करोड ८३ लाख, सशर्त अनुदान ५ अर्ब ८३ करोड ५९ लाख, विशेष अनुदान ७ करोड र समपूरक अनुदान ८४ करोड रुपैयाँ रहेको छ ।

सुदूरपश्चिम प्रदेशले १४ अर्ब ४२ करोड १९ लाख रुपैयाँ अनुदान पाएको छ । जसमध्ये १० अर्ब ४२ करोड ९४ लाख चालुतर्फ र ३ अर्ब ९९ करोड २५ लाख रुपैयाँ पुँजीगततर्फको अनुदान छ । सुदूरपश्चिमले समानीकरण अनुदान ८ अर्ब ५२ करोड ३ लाख, सशर्त अनुदान ४ अर्ब ५१ करोड १६ लाख, विशेष अनुदान ६२ करोड र समपूरक अनुदान ७७ करोड रुपैयाँ पाएको छ ।

गण्डकी प्रदेशले पाएको १३ अर्ब ६० करोड ४० लाख अनुदानमध्ये ९ अर्ब ४३ करोड १८ लाख चालुतर्फ र ४ अर्ब १७ करोड २२ लाख रुपैयाँ पुँजीगततर्फ रहेको छ । यो प्रदेशले समानीकरण अनुदान ७ अर्ब ६२ करोड २५ लाख, सशर्त अनुदान ४ अर्ब ४४ करोड १५ लाख, विशेष अनुदान ७० करोड र समपूरक अनुदान ८४ करोड रुपैयाँ पाएको छ ।







# 'लम्पी स्किन'बाट धमाधम पशु मर्न थाले

जलेश्वर । महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाको एउटै वडामा एक सय ५० बढी गाईगोरुमा 'लम्पी स्किन रोग' देखा परेको छ । बर्दिबास-१० खयरमारामा स्थानीयले पालेका गाईगोरुमा लम्पी स्किन रोग देखिएको स्थानीय पशुपालक कृष्णबहादुर थापाले बताउनुभयो ।

उहाँका अनुसार विगत १०-१५ दिनदेखि गाउँमा रोगले समस्या हुँदै गएको र अहिलेसम्म १० पशु मरिसकेको छन् । केही दिनदेखि पशुको छालामा अचानक नयाँ खालको सङ्क्रमण देखिन थालेको, जीउभरि गिर्खा आउन थालेको, घाउजस्तो भएर पिप बग्न थालेको, उच्च ज्वरोलगायतका लक्षण देखिएको र अहिलेसम्म १० पशु मरिसकेको स्थानीय पशुपालक वीरेन्द्र थापाले बताउनुभयो ।

बर्दिबास नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले खयरमाराका पशुमा लम्पी स्किन देखिएको र यसको रोकथाम र उपचारका लागि पशु चिकित्सकसँग परामर्श सहित आवश्यक औषधिको व्यवस्थापन गर्न लागेको बताउनुभयो ।

महोत्तरीमा रहेको १५ स्थानीय तहमध्ये अधिकांश स्थानीय तहमा लम्पी स्किन रोग फैलिएको जनाइएको छ । जिल्लाभर यस रोगबाट अहिलेसम्म करिब २० गाईगोरु मरेका छन् ।

लम्पी स्किन रोग अहिले जिल्लाभरि फैलिँदासमेत भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र महोत्तरीले चासो नदेखाएको पशु पालक किसानले गरेका छन् ।

लम्पी स्किन सङ्क्रमित पशुको शरीरका भागमा गिर्खा आउने, घाउ हुने पाक्ने, पिप बग्ने, उच्च ज्वरो आउने लक्षण देखिएको छ भने लम्पी स्किन रोगले सबैभन्दा बढी दुधालु गाईलाई प्रभावित पार्ने गरेको जनाइएको छ । लम्पी स्किन लागेका पशुबाट दूध उत्पादनमा ५० प्रतिशत बढी ह्रास आउने छ ।

पशुसेवा विज्ञ केन्द्रका सूचना अधिकारी सूर्यदेव यादवले रोग नियन्त्रणका लागि आवश्यक प्रयास भइरहेको बताउनुभयो । रासस

# सर्पले डसेर दुई बालकको मृत्यु

सिन्धुली । सिन्धुलीमा सर्पले डस्दा दुई बालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी उपरीक्षक राजकुमार सिलवालका अनुसार दूधौली नगरपालिका- १ कुर्थौलीका १३ वर्षीय ग्रिस पहाडी र उनका भाइ तीन वर्षीय ग्रिस्म पहाडीको मृत्यु भएको हो ।

ओछ्यानमा सुतिरहेका बालकलाई मंगलबार विहान ३ बजे सर्पले डसेको थियो । उनीहरूलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र सिर्थौली लगिएको र थप उपचारका लागि जानकी हेल्थ केयर जनकपुर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीको भनाइ छ । सर्पले ग्रिसलाई बाँया हातको औँलामा र ग्रिस्मको बाँया खुट्टामा डसेको थियो । रासस

# बजेटमार्फत वीरगञ्ज-पथलैया करिडोर घोषणासँगै उद्योगी व्यवसायी उत्साहित

वीरगञ्ज । सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ बजेट मार्फत वीरगञ्ज-पथलैयालाई औद्योगिक करिडोर घोषणा गरिएकाले यहाँका उद्योगी व्यवसायी उत्साहित भएका छन् । अर्थमन्त्री डा प्रकाशशरण महतले सार्वजनिक गर्नुभएको आर्थिक वर्ष २०८०/८१ को बजेटमा वीरगञ्ज-पथलैयालाई औद्योगिक करिडोरको रूपमा विकास गर्ने भनिएको छ ।



"विगतमा हामीले उठाउँदै आएका केही सुझाव पनि अहिलेको बजेटमा सम्बोधन भएको छ", वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भन्नुभयो, "हामीले वीरगञ्ज-पथलैया खण्डलाई औद्योगिक करिडोरको रूपमा घोषणा गरिनुपर्छ भनिरहेका थियौँ, त्यो बजेटमा सम्बोधन भएको छ ।"

यो एकदमै स्वागतयोग्य कुरा हो, यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छौँ उहाँले भन्नुभयो । "बजेटमार्फत वीरगञ्ज-पथलैया औद्योगिक करिडोर घोषणा गरी सरकारले हाम्रो कुरालाई सम्बोधन गरेको छ", अध्यक्ष अग्रवालले भन्नुभयो," यो हाम्रा लागि उपलब्धिको कुरा हो, यसको आधारभूत कुराबारे अध्ययन गर्न बाँकी छ । विस्तृत अध्ययनपछि मात्रै यस विषयमा थप कुरा गर्न सकिन्छ ।"

निजी क्षेत्रलाई महत्व दिई वर्तमान आर्थिक अवस्थामा सुधारको प्रयास हुनु स्वागतयोग्य भएको भन्दै यहाँका उद्योगी व्यवसायीले बजेटको कार्यान्वयन हुनुपर्नेमा जोड दिए । निजी क्षेत्रको लगानी, युवा मनोबल वृद्धि र व्यवसाय रक्षाका लागि महत्वकांक्षी कार्यक्रम अघि बढाइए पनि आर्थिक तरलता कायम रहेका बेला आर्थिक वृद्धिको लक्ष्य पूरा हुने अवस्था नरहेको उहाँको कथन थियो । "एकातिर खुल्ला बोर्डका कारण अवैधरूपमा समान आयात र निर्यात हुने क्रम बढेको छ भने अर्कोतिर करको दर बढाइएको छ", अध्यक्ष अग्रवालले भन्नुभयो," त्यसैले खुल्ला नाकाबाट हुने अवैध आयात र निर्यात रोक्नुपर्‍यो र करको दरभन्दा पनि दायरा बढाउनु पर्छ ।"

त्यसो गर्न सकिए मात्र राजस्व सङ्कलनको लक्ष्य पूरा हुनसक्छ, नभए लक्ष्य पूरा हुनसक्ने सम्भावना छैन उहाँले भन्नुभयो । सरकारले बजेटमा स्वदेशी उद्योगको उत्पादनलाई स्वदेशमै खपत गर्ने, युवा र महिला उद्योगीलाई प्रोत्साहन, आविस्कार र नवप्रवर्तनमा जोड दिएको छ । "बजेटमा दुईवटा औँद्योगिक क्षेत्रलाई अगाडि बढाउने र दुई वटालाई सार्वजनिक निजी साझेदारीअनुसार अगाडि बढाउने कुरा आएको छ", उद्योग वाणिज्य सङ्घ मधेश प्रदेशका पूर्वअध्यक्ष गणेश लाठले भन्नुभयो, "यो बजेटको सकारात्क पक्ष हो तर यसलाई कार्यान्वयन कसरी गरिन्छ भनेमा भरपर्छ ।"

पूँजीगत खर्च बढ्न नसकेर अर्थतन्त्रमा समस्या देखिएको अवस्थामा बजेटले पुँजीगत खर्च बढाउने र अनुत्पादक खर्च कटौती गर्ने नीति लिनु सकारात्मक भएको उल्लेख गर्दै उहाँले बजेटमा उद्योग, वाणिज्य र लगानी क्षेत्रलाई सहजीकरण, प्रोत्साहन र कर छुटको घोषणा हुनु पनि स्वागतयोग्य भएको बताउनुभयो ।

"सरकारी खर्च कटौती, नयाँ गाडी खरिद नगर्ने र नयाँ भवन नबनाउने घोषणा गर्नु बजेटको सकारात्मक पक्ष हो", उहाँले भन्नुभयो," अहिलेको बजेटमा खासै उत्साहित हुनुपर्ने कुरा नभए पनि अर्थतन्त्रमा सुधार ल्याउन लिएका कतिपनि नीतिहरू सकारात्मक छन् ।" त्यसैले यसको कार्यान्वयन महत्वपूर्ण पक्ष भएको उहाँको कथन थियो ।

एक सय रुपैयाँ पुँजीमै कम्पनी खोल्न पाउनेदेखि उद्योग तथा कम्पनी दर्तामा सूचना प्रविधिको अधिकतम प्रयोगसम्मका लोकप्रिय कार्यक्रम बजेटमा छन् । कोभिड र आर्थिक सङ्कुचनका कारण धर्मराएको विदेशी लगानी प्रोत्साहन गर्न विदेशी लगानीमा थुप्रै सहजीकरणको घोषणा बजेटमा गरिएको छ ।

उत्पादनमूलक उद्योगको सहजीकरणका लागि जग्गाको भाडा र हदबन्दीसम्बन्धी कानुन संशोधन, वैदेशिक लगानीको कानुनी स्थिरता, वैदेशिक लगानीको न्यूनतम् सीमा पुनःविचार र क्षेत्रगत सीमा तोकिने कार्यक्रमले उद्योगीको मनोबल बढ्ने पूर्वअध्यक्ष लाठको भनाइ थियो ।

बजेटले लिएको निर्यात वृद्धि र आर्थिक वृद्धि दुवै लक्ष्य पूरा हुननसक्ने अवस्था रहेकोले अहिले मुलुकमा देखिएको आर्थिक तरलतालाई यसले समाधान गर्न नसक्ने अन्य उद्योगी व्यवसायीको भनाइ थियो ।"मुलुकको अर्थतन्त्र सङ्कटग्रस्त अवस्थामा पुगेको छ, यस्तो अवस्थामा उत्पादनमुखी बजेट आउनुपर्दथ्यो", नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य डा सुवोध गुप्ताले भन्नुभयो,"तर अहिले सरकारले प्रस्तुत गरेको बजेट उत्पादनशीलभन्दा पनि वितरणमुखी बजेट हो, यसले अर्थतन्त्रमा सुधार ल्याउनसक्ने अवस्था छैन ।" बजेट वितरणमुखी रहेकाले यसको कार्यान्वयनमा थुप्रै चुनौती रहेको उहाँको भनाइ थियो ।

बजेटमा निजी क्षेत्रलाई विश्वासमा लिने र प्राथमिकता दिने भनिए पनि कार्यान्वयनमा कसरी हुन्छ भन्ने विषयलाई आफूहरूले हेरिरहेको सदस्य डा गुप्ताले बताउनुभयो । विनियोजित बजेटमा औँद्योगिक पूर्वाधार विकास, स्वदेशी उत्पादनलाई प्रोत्साहन तथा निर्यात प्रवर्द्धन, बहुमूल्य खानी अन्वेषण, पेट्रोलियम पदार्थ अन्वेषणलगायत कार्यक्रम बजेटमा समेटिनु अत्यन्तै सकारात्मक र महत्पूर्ण पक्ष भएको नेपाल पेट्रोलियम डिलर्स एशोसिएशनका अध्यक्ष मनोजकुमार दासले बताउनुभयो । रासस

# यी कार्यालय खारेजी, पुनःसंरचना र हस्तान्तरण गर्ने सरकारको तयारी

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत विभिन्न २० वटा सरकारी बोर्ड, कार्यालय, समिति तथा एकाइलाई खारेज गर्ने, पाँचवटालाई पुनःसंरचना गर्ने र एउटालाई स्थानीय तहमा हस्तान्तरण गर्ने भएको छ ।




बजेट वक्तव्यअनुसार कपास विकास समिति, अतिरिक्त हुलाक कार्यालय, महिला तथा बालबालिका विभाग, नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति, विभिन्न मेडिकल कलेज पूर्वाधार विकास समिति, विभिन्न ताल संरक्षण विकास समितिलाई खारेज गरिने छ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गरी सम्बन्धित मन्त्रालयबाट कार्यसम्पादन गरिनेछ भने फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय र केन्द्रीय धनादेश कार्यालय खारेज गरी हुलाक सेवा विभागबाट कार्य सम्पादन गरिनेछ ।

साथै बूढीगण्डकी जलविद्युत् आयोजना, वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनःस्थापना एकाइ खारेज गरी बूढीगण्डकी जलविद्युत् कम्पनीबाट कार्यसम्पादन गरिने बजेटमा उल्लेख छ । बजेटमा सबै जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ रहने व्यवस्था गरिएको छ भने तथ्याङ्क कार्यालय खारेज गरी स्थानीय तहबाट तथ्याङ्क सङ्कलन गरिने र समन्वयका लागि प्रादेशिकस्तरमा कार्यालय स्थापना गरिने उल्लेख छ ।

सरकारले भूमिगत जलस्रोत विकास समिति र जलस्रोत अनुसन्धान तथा विकास केन्द्र खारेज गरी अनुसन्धानसम्बन्धी कार्य जल तथा ऊर्जा आयोगबाट र पूर्वाधारसम्बन्धी काम जलस्रोत तथा सिँचाइ विभागबाट गर्ने तयारी गरेको छ ।

रेल्वे बोर्ड खारेज गरी सो कार्य रेल विभागले गर्ने, कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति खारेज गरी स्वास्थ्य सेवा विभागको इपिडेमियोलोजी महाशाखाअन्तर्गत सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

त्यसैगरी राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी यससम्बन्धी कार्य सूचना प्रविधि विभागले गर्ने, रेडियो नेपाल र नेपाल टेलिभिजन एक अर्कामा गाभी एकीकृत सार्वजनिक प्रसारण संस्था गठन गरिने जनाइएको छ ।

सरकारले इन्टरमोडेल यातायात विकास समिति खारेज गरी नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडले सोसम्बन्धी काम गर्ने र पर्वतीय प्रशिक्षण विकास समिति खारेज गरी नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा गाभ्ने तयारी गरेको छ ।

विभिन्न कार्यलयलाई पुनःसंरचना गर्ने सरकारको योनजा छ । सीमा नाका क्वारेन्टाइन कार्यालय, पशु क्वारेन्टाइन कार्यालय तथा खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयलाई गाभी एउटै कार्यालय बनाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहत सञ्चालनमा ल्याइने भएको छ ।

कृषि तथा पशुसम्बन्धी प्रयोगशाला, फार्म केन्द्र र स्रोत केन्द्रलाई प्रदेश तहमा हस्तान्तरण गर्ने, जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयलाई पुनःसंरचना गरी एक स्थानीय तह एक हुलाक राखिने बजेटमा उल्लेख छ ।

साथै विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभी एकीकृत संरचना बनाउने र मालपोत र नापी कार्यालय आवश्यकताअनुसार क्रमशः एकीकृत गरी एकद्वारबाट जग्गा प्रशासनसम्बन्धी सेवा उपलब्ध गराउने सरकारको तयारी छ । सरकारले पर्यटन प्रवर्द्धन विकास समिति सम्बन्धित प्रदेश/स्थानीय तहमा हस्तान्तरण गर्ने भएको छ । रासस

# महिला मन्त्रालयद्वारा हिमाल आरोही बुढालाई सम्मान

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले सगरमाथाको सफल आरोहण गरी विश्व कीर्तिमान कायम गरेका हरिबहादुर बुढा मगरलाई सम्मान गरेको छ ।

मन्त्रालयले मंगलबार शारीरिक अपाङ्गता भएका कारण हुने कार्यगत सीमितता र विभिन्न प्रतिकूलताका बाबजुद मगरले गरेको तीव्र अठोट उच्च आत्मविश्वास र अद्भुत साहसलाई विश्वसामु चिनाउन पुर्‍याएको योगदानस्वरुप सम्मान गरेको हो ।

सम्मान कार्यक्रममा मन्त्री आचार्यले अपाङ्गता भएका व्यक्तिले पनि मुलुकलाई विश्वसामु चिनाउ सक्छन् भन्ने सकारात्मक सन्देश मगरले दिएको बताउनुभयो । "आत्मविश्वास, त्यो साहसकै कारणले मंगलबार अपाङ्गता भएका व्यक्तिले पुर्‍याएको योगदान विश्वसामु पुगेको छ । अपाङ्गता भएकै कारण निराश हुनुभएका व्यक्तिहरूको आत्मविश्वास वृद्धि गर्न यस सन्देशले महत्वपूर्ण भूमिका खेलेको छ", उहाँले भन्नुभयो ।

विश्व कीर्तिमान राख्न सफल हुनुभएका बुढाले मन्त्रालयले गरेको सम्मान आफूलाई मात्र नभई सम्पुर्ण अपाङ्गता भएका व्यक्तिलाई हो भन्नुभयो । "मैले पाएको यो सम्मान मलाई मात्र नभई सम्पुर्ण अपाङ्ग व्यक्तिलाई गरेको महसुस भएको छ । हामी पनि केही गर्न सक्छौं भन्ने आत्मविश्वास सबै अपाङ्गता भएका व्यक्तिमाझ पुगेको छ", बुढामगरले भन्नुभयो । अपाङ्गता भएका व्यक्तिको सहजताका लागि अपाङ्गतामैत्री कार्यलय, सडक, पार्किङ लगायतका अन्य सुविधामा सरकारले जोड दिनुपर्ने उहाँको भनाइ छ । रासस

**जग्गा बिक्रीमा**

ढल्केवर-जनकपुरधाम राजमार्गको रमदैया चोकमा अवस्थित राजदेवी मन्दिर भन्दा करिब ५ सय मिटर उत्तर राजमार्गको पश्चिम तर्फ १० फिट चौडाई र ४५ फिट लम्बाई रहेको पूर्व मोहडाको २ धुर ८ कन्मा जग्गा तु.बिक्रीमा ।इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नु होला ।

**सम्पर्क नं.**
**९८१७६७३७३९**

**घर भाडामा**

**जनकपुरधामको मुख्य बजार जनक चोकमा रहेको राजमहल लज भएको भवनमा पहिलो तल्ला डिपार्टमेन्ट स्टोर, अफिस, बैंक, वित्तिय संस्था लगायत प्रयोजनका लागि अत्यन्त आकर्षक भवन (साढे ११ सय स्क्वायरफिट) भाडाका लागि खाली रहेको छ ।इच्छुक व्यक्ति, संघसंस्थाहरुले तुरुन्त सम्पर्क गर्नु होला ।**

**रामकिशोर साह**
**सम्पर्क नं. ९८५४०२६६२३**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : धन बृद्धि सञ्चय । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘बालगृहबाटै बेचिन्छन् बालबालिका’

**टुडे समाचारदाता**

जनकपुरधाम । बालगृहबाटै बालबालिकाहरु बेचिने गरेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।



कानुन अन्वेषण तथा स्रोत केन्द्र (सेलर्ड)ले मंगलबार जनकपुरधाममा आयोजना गरेको सुरक्षाको लागि साथ-साथ परियोजना आवासीय बालगृहहरुको कार्यढाँचा र विद्यमान बालसंरक्षण तथा मानव बेचबिखन सम्बन्धी कानुनमा रहेको अन्तर पहिचान नामक अध्ययन प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रमका वक्ताहरुले सो कुरा बताएका छन् ।

दुर्गम क्षेत्रका विपन्न बालबालिकाकोअभिभावकहरुलाई ललाइ फकाइ बालगृहमा ल्याउने गरेको बताउँदै सेलर्डका सदस्य कपिल अर्याललले भने,‘फलानो ठाउँमा बेचिएकै हो भनेर यकिन तथ्याँक भन्न सकिन्न तर थुप्रै बालबालिकाहरु बिचौलियामार्फत बेचिने गरेका छन्।’

देशभरिमै रहेको ४ सय ७९ वटा बालगृहमा करीब १० हजार ३ सय बालबालिकाहरु रहँदै आएकोमा अधिकांश बालबालिका अभिभावक हुँदाहुँदै पनि बालगृहमा रहेर आमाबुवासंग हुर्कने अधिकारबाट वञ्चित भएको उनले बताए ।

दुर्गमका बच्चाहरुलाई सुगम शहरको बालगृहमा राखी दिने विभिन्न प्रलोभन देखाएर बिचौलियाहरुले अभिभावक हुँदाहुँदै पनि बालगृहमा राख्ने गरेकोले यसको तथ्याँक निकालेर सरकारले यथाशीघ्र त्यस्ता बालबालिकालाई घर फिर्ता गराउनुपर्ने धारणा राखे।

कार्यक्रममा जानकी महिला जागरण समूहकी अध्यक्ष मन्दाकिनी कर्णले अहिले पनि पसल पसलमा बालकामदार देखिने गरेकोले उनीहरुलाई बालगृहमा संरक्षण दिनुपर्नेमा जोड दिइन् ।

उनले बालअधिकारको हनन भएको देख्दा देख्दै पनि राज्य मौन हुनु दुर्भाग्यपूर्ण रहेको टिप्पणी गरिन् ।

कार्यक्रममा नेपाल बार एशोसिएशन जनकपुरधामकी कोषाध्यक्ष अधिवक्ता रिंकु यादवले कारागारमा कैदी आमाबुवाको कारण कारागारमै बस्न बाध्य बनेका बालबालिकाहरुको अधिकार सुनिश्चितताका लागि संवेदनशील भएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याइन् ।


बालअधिकारको पक्षमा रहेका कानुनहरुको पालना इमान्दारितापूर्वक गर्न गराउन सकिए यस्तो समस्याको समाधान तत्काल हुने उनले स्पष्ट पारिन् ।

कार्यक्रममा जनकपुरधाम उपमानगरपालिकाका उपमेयर किशोरी साह,जउनमपा-४ का वडा सदस्य जमुना भुजेल, इन्सेक मधेश प्रदेशका प्रमुख राजु पासमान,जिल्ला युवा सञ्जाल धनुषाका अध्यक्ष कुल्दीप साह,आसमान नेपालका कार्यक्रम व्यवस्थापक विजय कुमार यादवसहितकाले आ-आफ्नो मनतव्य राखेका थिए ।

# वडा अध्यक्ष सहनी फरार

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका एक वडा अध्यक्षमाथि अभद्र व्यवहार तथा कुटपिट मुद्दा दर्ता भएको छ ।



जनकपुरधाम उपमहानगरपालिका-२४ बसहियाका वडाध्यक्ष आपेन्द्र सहनीमाथि अभद्र व्यवहार तथा कुटपिट मुद्दा दर्ता भएको छ।

बसहियास्थित जदुराउत पोखरीको ऐलानी डिलमा वडाध्यक्ष सहनीले जातीय धर्मशाला बनाउन खोज्दा स्थानीयले विरोध गरेपछि सहनीसहित प्रमोद सहनी, चन्दन सहनी, शिवरत्न सहनीलगायतले सुनिल यादव, सुरुज यादव, अमीर्ती देवी, अजय राउतलगायतका करीब एक दर्जन व्यक्तिलाई निर्घात कुटपिट गरेपछि प्रहरीले अभद्र व्यवहार तथा कुटपिट मुद्दा दर्ता गरेको छ । यता मुद्दा दर्ता भएसँगै वडाध्यक्ष फरार भएको स्रोतले जनाएको छ।

गत बिहीबार ८ बजेको समयमा बसहियाको जदुराउत पोखरीको डिलमा अवस्थित ऐलानी जग्गामा वडाध्यक्ष सहनीले सहनी धर्मशाला बनाउन खोज्दा स्थानीयवासीले विरोध जनाउँदा वडाध्यक्षको मानिसहरूले स्थानीयलाई कुटेको थियो।

बसहियाका स्थानीयहरूले सार्वजनिक जग्गामा कुनै एक जातको जातीय कुट्टी नबनाइ सामुदायिक दलान बनाउनुपर्ने मागसहित विरोध गरेको थियो।

सोही क्रममा वडाध्यक्ष र उनीहरूको मानिसको कुटपिटबाट ३५ वर्षीय सुनिल यादवको अवस्था गम्भीर भएपछि उनलाई थप उपचारका लागि शनिबार साँझ प्रादेशिक अस्पताल जनकपुरधामबाट काठमाण्डु लगिएको थियो ।

केही दिन अगाडि उक्त वडाका प्रत्यासी उम्मेदवार विशेश्वर शर्मासहितका स्थानीयले वडाध्यक्ष सहनी विरुद्ध नगर प्रमुख मनोजकुमार साहलाई ११ बुँदे ज्ञापनपत्रसमेत बुझाएका थिए।

गत वैशाख २१ गते वडाअध्यक्ष सहनीले नगर प्रहरी र जिरोमाइल प्रहरी चौकीको सहयोगमा छ लेन सडक खण्डमा रहेको भोला मण्डलको बालुवा उठाइ उपमहानगरमा नबुझाइ बेचेको र बाँकी आफ्नै बालुवा गिट्टीको डिपोमा राखेको लगायतका उनीहरूको आरोप थियो।

# फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले करणी मुद्दामा सजाय तोकिएका एक फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

महोत्तरी जिल्लाको पिपरा गाउँपालिका-७ का ५६ वर्षीय राजनारायण झालाई प्रहरीले मंगलबार पक्राउ गरेर जिल्ला अदालत धनुषासमक्ष प्रस्तुत गरेको छ ।

उनीमाथि जवर्जस्ती करणी मुद्दामा २०६१ जेठ २० गते धनुषा जिल्ला अदालतबाट तीनवर्ष कैद फैसला सुनाइएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको टोलीले अभियुक्त झालाई जनकपुरधाम उपमहानगरपालिका-२३ बसपार्कबाट पक्राउ गरिएको जनाइएको छ ।

जिल्ला अदालतले अभियुक्त झालाई जलेश्वर कारागारमा सजायको लागि पठाउने आदेश दिएको बताइएको छ ।

# सुत्केरी खोज्दै जनप्रतिनिधि घर-घरमा

गोलबजार । सिरहाको नवराजपुर गाउँपालिकामा सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम प्रभावकारी बन्दै गएको छ । जनप्रतिनिधिले पोषिलो खानेकुरा, बच्चाका लागि कपडा र रु तीन हजार पाँच सय लिएर पुग्दा स्थानीय महिला खुसी भएका हुन् ।

सुरक्षित मातृत्वका लागि गर्भवतीलाई चार चरणमा स्वास्थ्य परीक्षण गराउनुपर्छ । बर्थिङ सेन्टरमा सुत्केरी गराउन उत्प्रेरीत गर्ने उद्देश्यले सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालनमा ल्याएको नवराजपुर गाउँपालिका उपाध्यक्ष पुनमकुमारी यादवले बताउनुभयो । उहाँले भन्नुभयो “सुत्केरी खोज्दै हामी घर घर जाने गरेका छौं । घरमै पुगेर सुत्केरीलाई सेवा उपलब्ध गराउँदै आएका छौं । यसका लागि स्थानीय स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरिएकाले सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन भइरहेको छ । ”

नवराजपुर-३ फूलवरियाकी पुष्पा यादवले ‘सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम’ बच्चालाई कुपोषण हुनबाट कसरी जोगाउन सकिन्छ भन्ने जानकारी पनि प्राप्त हुनेहुँदा कार्यक्रम उपलब्धिमूलक भएको बताउनुभयो । नवराजपुर-१ देवीनगरकी गनिताकुमारी दासले कार्यक्रमबाट बच्चाका लागि कपडा र रकम पाएपछि निकै खुसी लागेको सुनाउनुभयो । पोषिलो खानेकुरा किन्नका लागि रकम र बच्चाका लागि कपडा लिएर उपाध्यक्ष यादव घरमै पुग्नुभएको थियो ।

स्वास्थ्यचौकी देवीनगरका प्रमुख सञ्जीव यादवले शिशु अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म प्रमाणपत्र वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि अधारमा सेवा उपलब्ध गराइरहेको जानकारी दिनुभयो । ग्रामीण भेगमा अझै पनि महिला घरमै सुत्केरी हुने गरेको पाइन्छ । यसका कारण शिशु मृत्युदर तथा पोषणसमबन्धी जानकारी अभावमा कुपोषित बच्चा जन्म हुने गरेको स्वास्थ्यकर्मी बताउँछन् । नवराजपुर गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमका लागि आर्थिक वर्ष २०७९/८० का लागि रु १० लाख विनियोजन गरिएको छ । रासस

# रेष्टुरेन्ट, वाटर र फनपार्कको विभिन्न सेवामा छुट



**टुडे समाचारदाता**

नेपालगञ्ज । सिद्धार्थ बैंक लिमिटेडले नेपालगंज स्थित ले रायरा रेष्टुरेन्ट रवन्डरल्याण्ड वाटर एण्ड फनपार्कबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौतागरेको छ ।

उक्त सम्झौतापत्रमा सिद्धार्थ बैंककातर्फबाट नेपालगंज शाखा प्रमुख किरण राणामगर तथा ले रायरा रेष्टुरेन्टर वन्डरल्याण्ड वाटर एण्ड फनपार्कका तर्फबाट प्रबन्धनिर्देशक सिभान्शु यादवले हस्ताक्षर गरेका छन् ।


उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले ले रायरा रेष्टुरेन्टमा खाना तथा पेय पदार्थ सेवाको भुक्तानी गर्दा र वन्डरल्याण्ड वाटर एण्ड फनपार्कमा पार्क टिकट खरीदमा सिद्धार्थ बैंकको डेबिट, क्रेडिट तथाप्रिपेड कार्ड, मोबाईल बैंकिङ्गमार्फत भुक्तानी गर्दा १०५सम्मको छुट प्राप्तगर्न सक्नुहुनेछ ।यस सुविधाले ग्राहकहरुलाई छुटको सुविधाउपलब्धहुनुका साथै नगद कारोबारबाट डिजिल कारोबारमाजानउत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

बैंकले ग्राहकहरुलाई डिजिटल बैंकिङ्गमाध्यमतर्फ प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ ।

ग्राहकमैत्री प्रविधिहरु भित्र् याउने क्रममा बैंकले विभिन्न डिजिटल बैंकिङ्ग सेवाहरु जस्तै अनलाइनबाटै बचत, मुद्दतीर डिम्याट खाता खोल्न सकिने, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने जस्ता सुविधाहरु आफ्नो वेबसाइटमा रहेको EasyBank Portal (https://easybank।siddharthabank.com/) मार्फत प्रदान गर्दै आएको छ ।

# विषादी प्रयोग गरिएका आँप छ्यापछ्याप्ती

विराटनगर । मोरङको विराटनगर बजार क्षेत्रमा विषादी प्रयोग गरी पकाइएका आँप छ्यापछ्याप्ती रूपमा बिक्री वितरण भइरहेका छन् ।



सरोकारवाला निकायले अनुगमन नगर्दा व्यापारी विषादी प्रयोग गरिएका आँप महङ्गोमा बिक्री गरिरहेका छन् । नाफा कमाउन समयभन्दा पहिला नै आँप बजारमा बेच्न थालिएको छ । यसका लागि अत्यधिक विषादी प्रयोग गर्ने गरेको पाइएको छ । व्यापारीले पाक्नुभन्दा अघिनै रूखबाट आँप टिप्ने र विषादी प्रयोग गर्ने क्रम चलिरहेको छ ।

विषादी प्रयोग गरिएका आँप खाँदा स्वास्थ्य असर पर्ने जोखिम छ । भारतसितको खुला सीमाका कारण व्यापारीले सस्तोमा काँचो आँप नेपाल भित्र्याउने गरेका छन् । काँचो आँप ल्याउने र कार्बाइडको प्रयोगबाट पाकेका आँप बजारमा बेच्ने प्रवृत्ति मौल्याएको हो । आँपमा विषादी प्रयोग गरिँदा छिटो पाके पनि यस्तो आँप खानु स्वास्थ्यका लागि हानिकारक हुने चिकित्सक बताउँछन् ।

विराटनगर महानगरपालिकाकी उपप्रमुख शिल्पा निराला कार्कीले खाद्य पदार्थमा अनुमतिबिना विषादी प्रयोग गरी बिक्री वितरण गर्न नपाइने बताउनुहुन्छ । बजेट निर्माणको चटारो भएका कारण बजार क्षेत्रमा नियमित अनुगमन गर्न नसकिएको उहाँको भनाइ छ । “यसको फाइदा उठाएर केही व्यापारीले विषादी प्रयोग गरी आँप बिक्री गर्नेगरेको जानकारीमा आएको छ”, कार्कीले भन्नुभयो । उहाँले काँचो आँपमा विषादी हालेर बिक्री वितरण नगर्न सबैमा आग्रह गर्नुभयो ।

सुनसरीको झुम्कास्थित कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रका माटो विज्ञ डिगम्बर यादवले अत्याधिक मुनाफा मंगलबारेनका लागि केही व्यापारीले विषादी प्रयोग गरी आँप बजारमा बिक्रीका लागि ल्याउने गरेको पाइएको बताउनुभयो । यस्तो आँपको स्वाद पनि राम्रो नहुने र स्वास्थ्यलाई फाइदा नपुऱ्याउने उहाँ बताउनुहुन्छ ।

विराटनगर-२ स्थित मुस्कान फलफुल सेन्टरका सञ्चालक मोहम्मद इसलाम ठूला व्यापारीले नभइ केही साना व्यापारीले बढी मुनाफा कमाउने लोभमा आँपमा विषादी प्रयोगल गर्ने गरेका बताउनुहुन्छ । यसबाट ठूला व्यापारीलाई समेत समस्या भएको उहाँको भनाइ छ ।

कोसी अस्पतालका इमरजेन्सी विभागका इन्चार्ज गजेन्द्र यादवले विषादी मिसाएको आँप खानाले झाडापखाला लाग्ने, जीउ चिलाउने, वान्ता हुने जस्ता समस्या देखिने बताउनुभयो । विषादीयुक्त आँप बजारमा बेच्न थालेसँगै झाडापखाला, वान्तालगायतका बिरामी उपचारका लागि दैनिक अस्पताल आउने गरेका बताउनुभयो । रासस

# शिक्षकका मुद्दा बजेटमा सम्बोधन नभएको गुनासो

काठमाण्डु । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले नेपाल सरकारको बजेट वक्तव्यमा आफ्ना माग र सम्झौताहरूको पालनाको सम्बोधन नभएको जनाएको छ ।

मंगलबार विज्ञप्ति जारी गरी संविधानको मर्मअनुसार समतामूलक, समावेशी र गुणस्तरीय सार्वजनिक शिक्षाको अधिकार उपलब्ध गराउन शिक्षाका अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्न शिक्षामा लगानी वृद्धि नभएकामा चिन्ता व्यक्त गरेको हो । विद्यालय कर्मचारी, निजी विद्यालय, तत्कालीन उमावि, इसिडी, राहत, अस्थायी/करार, स्वयम्सेवक, नर्स, सिकाइ अनुदान, स्थानीय तहले नियुक्ति गरेका, प्राविधिक धारका शिक्षकहरूको सेवा, सर्त, सुविधा र सामाजिक सुरक्षाका बारेमा कुनै कार्यक्रम नल्याइएको सङ्गठनका महासचिव हंश शाहीले बताउनुभयो ।

यस्तै, दिवा खाजा कार्यक्रमको रकम वृद्धि नभएको र प्रधानाध्यापकको दरबन्दी सिर्जना गरी शिक्षक सेवा आयोगबाट प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेमा विद्यालयहरूमा प्रधानाध्यापक छनोट गर्न स्थानीय सरकारलाई गुहारेर द्वन्द्वको बीउ रोपिएको सो सङ्गठनको गुनासो रहेको छ । रासस

# सडक दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

लहान । सिरहामा मोटरसाइकलको ठक्करले एकजनाको मृत्यु भएको छ ।

जिल्लाको नवराजपुर गाउँपालिका-४ का ५५ वर्षीय छबिलाल प्रसाद साहको मृत्यु भएको प्रहरीले जनाएको छ ।

नवराजपुर गाउँपालिका-१ स्थित भगवतीपुर चोकमा स १० प ६३२० नम्बरको मोटरसाइकलको ठक्करबाट साहको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलको ठक्करबाट घाइते भएका पैदलयात्री साहको लहानस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

ठक्कर दिने मोटरसाइकलका चालक ३२ वर्षीय अरविन्द मण्डल प्रहरीको नियन्त्रणमा रहेको जनाइएको छ भने घटनाको अनुसन्धान जारी रहेको बताइएको छ ।


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मंत्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
जनकपुरधाम, धनुषा

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

सुचना प्रकाशित मिति २०८०/०२/१६

यस कार्यालयबाट मिति २०८०/०१/२४ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउको प्रस्ताव मूल्यांकन हुँदा निम्न सिलबन्दी दरभाउको प्रस्ताव न्यूनतम मूल्यांकित तथा सारभुतरुपमा प्रभावग्राही सिलबन्दी दरभाउ निर्धारण भई स्वीकृतिका लागि छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सिलबन्दी दरभाउ यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

| सि. नं. | खरिद नं. | खरिद कार्यको विवरण | छनौट भएका सिलबन्दी दरभाउ | कबोल रु. मु.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | IDODHANUSHA/SO/01/079/080 | Construction PCC Road of sano yadavko ghar dekhi jagdish yadavko ghar samma , jnk-19 (Jamuniya) | Bhaskar Construction Janakpur -09 | 1185545.72 | |

कार्यालय प्रमुख



PLAN INTERNATIONAL

Request for RFI and sealed Quotation for various goods and services
Ref No: ERO 06 -022/023
Published date :- 31 May, 2023

**Request for RFI and Sealed Quotation for various goods and services for FY’24**

Plan International Nepal is an independent development and humanitarian organization that advances children’s rights and equality for girls. Plan International has been working in Nepal since 1978 to help most marginalized children, their families and communities for accessing their rights to survival, development, protection and participation. Plan International Nepal has been implementing programmes through development partners, in coordination with government and other stakeholders in 11 districts.

**Plan International Nepal, East Regional Office, Janakpur hereby invites RFI and Sealed Quotations for following goods/ services** from eligible suppliers/vendors registered in Government of Nepal. Selected vendor will provide the services and goods for one year which can be extended for two more years upon satisfactory performance and mutual agreement between both parties. Request for Quotation is made for the below mentioned Goods and services required in FY ’24 [ July 2023 to June 2024 ].

**Goods and Services required are :-**

1. Hotel Services ( for Sindhuli, Makawanpur, Sunsari, Dhanusha & Bardibas )
2. Fuel Supply
3. Stationeries items
4. Office cleaning services & General Labour supply
5. Vehicle Maintenance & Servicing
6. Vehicle Rental service
7. Toner/cartridge for printers
8. Air Ticketing services

**Note:-** Vendors have to submit 1. RFI document and 2. Tender document provided on the link. The detailed tender documents can be downloaded from… https://plan-international.org/nepal/procurement/

**Request for RFI and Sealed Quotation for various goods and services for FY’24-Janakpur**


1. RFI documents
2. Tender documents of various goods and services

**Deadline for Submission**

The RFQ along with supporting documents in a sealed envelope should be reached and received before 5:00 PM, 13 June 2023 to the address as mentioned below.

**Plan International Nepal,**
**East Regional Office -Janakpur**
**Ward no.4, Bisahara chowk, Dhanusha**
**Madhesh Province, Nepal**
**Phone: 041-590050**

*Say Yes! To Keeping Children and Programme Participants Safe and Protected*



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भारतको नक्सामा नेपाली भूभाग

नेपालको केही भूभागसहित भारतको संसद भवनमा भारतको नक्सा राखिएको छ । संसद भवनको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले यस हप्ता गरेका हुन् । भारतको संसद भवन विशाल बनाइएको छ । त्यहाँ भारतको नक्सा पनि अंकित गरिएको छ । त्यस नक्सामा नेपालको अत्यन्त महत्वपूर्ण र पर्यटकीय स्थल रहेका छन् । एउटा ठूलो औद्योगिक नगरी रहेकोछ ।भारतीय नक्सामा नेपालको औद्योगिक नगरी र महाभारतकालमा पाण्डव गुप्तवास बसेका बिराटनगर , भगवान गौतमबुद्ध जन्मेको पवित्र स्थल लुम्बिनी र कपिलवस्तु देखाइएको छ । भारतको नक्सामा देखाइएका तीनै भूभागमा नेपालको शासन छ । नेपालको नक्सा छ । विराटनगर त कोशी प्रदेशको राजधानी नै हो । विराटनगरका बीपी कोइराला, मातृका कोइराला, गिरिजा कोइराला, मनमोहन अधिकारी नेपालका प्रधानमन्त्री भइसकेका हुन् । त्यो भूमिलाई भारतको नक्सामा देखाइनु ठूलो गडबडी नै हो । त्यसले भारतीय नागरिक मात्र नभइ भारतका सांसदहरुसमेत झुक्किने छन् ।भगवान गौतम बुद्ध जन्मेको लुम्बिनी र कपिलवस्तुको विषयमा सीमा सम्बन्धी कुनै विवाद नै छैन् । भारतको नक्सामा उल्लेख गरिएको तीनै नेपाली भूभागबारे भारतसित कहिलै कुनै सीमा विवादसमेत नभएको स्थल हो । भारतको सबै भन्दा उच्च निकाय संसद भवनमा नक्सा राख्ने कार्यमा संलग्नहरु कम्ती विद्धवान होइनन् । भूगोलको ज्ञाताहरुले त्यो नक्सालाई पक्कै पनि राम्ररी हेरेको हुनुपर्छ । गत वर्ष भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लुम्बिनीको दर्शन गरेका थिए । तत्कालीन नेपाली समकक्षी शेरबहादुर देउवाको निमन्त्रणामा प्रधानमन्त्री मोदी लुम्बिनीमा पूजापाठ गरेका थिए । त्यस प्रदेशको नामकरण पनि लुम्बिनी नै गरिएको छ ।सदियौदेखि नेपालको भोगचलनमा रहेको भूभागलाई भारतीय नक्सामा अंकित गर्नु ठूलो भूल नै भएको मान्नुपर्छ । नक्सा बनाउनेहरुले नेपालबारे अनभिज्ञ मात्र नभइ उनीहरु भारतीय भूमिबारेसमेत अनभिज्ञ रहेको देखिन्छ । प्रधानमन्त्री मोदीले नै समुद्घाटन गरेको संसद भवनमा राखिएको नक्सालाई उनी स्वयंले पनि निरीक्षण गरेकै हुनुपर्छ । त्यसमा ठूलठूला अक्षरमा लेखिएका बिराटनगर, लुम्बिनी र कपिलवस्तुको नाम सबैले पढेकै हुनुपर्छ । तर समयमै त्यसलाई नसच्याई भारतीय संसदमा राख्नु उपयुक्त होइन् । भारतीय नक्सामा राखिएका नेपाली भूभागबारे विवाद नै छैन् । भारत सरकारले आफ्नै भूभागलाई समेटेर नक्सा बनाउदा पनि विशाल हुने थियो । भारतको क्षेत्रफल आफैमा विशाल छ । उसले नेपालको भूमिलाई देखाएर विराट बन्नुपर्ने काम नै छैन् । नक्सामा उल्लेख गरिएका भूभागहरुबारे नेपालमा व्यापक चर्चा र विरोधहरु भइरहेका छन् । त्यसबाट भारत पक्कै अनभिज्ञ होइन् । संसद भवनमा राखिएको नक्साबारे नेपालमा देखिएको असन्तुष्टिलाई भारतले तत्काल सम्बोधन गर्नुपर्छ । नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड बुधबारदेखि भारतको औपचारिक भ्रमणमा जादै छन् । भारतीय समकक्षी मोदीसित उनको भेटवार्ता हुनेछ । प्रधानमन्त्री प्रचण्डलाई अन्य मुलुकबाट पनि भ्रमणका लागि निम्तो थियो । तर उनी प्रधानमन्त्रीको रुपमा पहिलो भ्रमण भारतमा नै गर्न लागेका हुन् । यो दुई देशबीचको प्रगाढ सम्बन्धको कारण पनि हो ।

# निषेधित माछा मासु मदिरा परिक्रमा क्षेत्र भित्र किन ?



प्रफुल्ल घिमिरे

महर्षी राजा जनकको नाउँमा रहन गएको मिथिला प्रदेशको प्राचीन राजधानी जनकपुर धाम र यसको वरिपरिमा बैष्णव , शैव र साक्त सम्प्रदायका प्रशस्त देव देविका मठ मन्दिर र स्थलहरु रहेका छन।

पौराणिक कालदेखि नै धार्मिक साँस्कृतिक महत्व ओगटेको करोडौं सनातन हिन्दू धर्मावलम्बीका आस्थाको केन्द्र जनकपुर धाम बिगतमा मठै-मठ, मन्दिर, तलाउ पोखरीहरुले सुसज्जित , फुल-फुलवारी, बन-बगैंचाले सुशोभित एवं स्वच्छता र पवित्रताको वातावरणमा रहेको रमणीय धार्मिक तीर्थस्थल रहेको थियो।

समयको विडम्बना ! सामाजिक राजनीतिक उथलपुथलको मारमा जनकपुर धामको पवित्रता , स्वच्छता, एवं धार्मिक संस्कृतिक एवं सहिष्णुता सद् भावको पहिचान गरिमालाई हामीले जानेर हो वा न जानेर सिध्याउन तर्फ लाग्यौं।

जबकि केही समय पहिला सम्म परिक्रमा क्षेत्र भित्र माछा मासु, अण्डा र मदिरा बेच बिखन गर्न पाइदैन थियो। तलाउहरुमा माछा मार्न, पशु पंछि जीव हत्या गर्न समेत निषेध गरिएको थियो। परिक्रमा क्षेत्र भन्दा बाहिर रहेका पसलहरुले पनि धार्मिक चाड पर्व एकादशी, पुर्णिमा , झुलन, विवाह पञ्चमी, राम नवमी, जानकी नवमी लगायतका पर्वहरुका दिन माछा मासु र मदिरा बेच बिखन गर्न पाइदैन थियो । कडाइका साथ पालना गराइएको थियो।

तर समयको चक्र ! उन्मुक्त अराजक असहिष्णु , बिद्वेषपूर्ण वातावरणको सिर्जना हुन पुग्यो। स्थानीय प्रशासन निष्क्रिय बन्न पुगे। नियम कानुनहरु तोडिन थालियो । धर्म संस्कृतिक परम्पराहरुको समेत धज्जी उडाइयो। धार्मिक पोखरी तलाउहरुमा माछा पालनको ठेक्का लगाउन थालियो । धर्म संस्कृतिका रक्षक मठाधीशहरु तथा संबंधित संस्थाहरु नै भक्षक भइदिए । परिक्रमा क्षेत्र भित्र निषेधित रहेका माछा मासुर मदिरा पसल , रेष्टुरेन्टहरु कानुन विपरीत तीब्रगतिमा जहाँ पायो त्यहाँ खोलिए। अनुगमन रोकथाम गर्ने सम्बन्धित निकायहरुले पनि आफ्नो सामर्थ्य देखाएनन। वर्तमान परिवेशमा : जनकपुर धामको धार्मिक संस्कृतिक पहिचान पूर्ण रुपमा धूमिल हुन थालेको छ।

जब नेपालको गौरवमय धार्मिक इतिहास अगोटेको जनकपुर धामको तिर्थस्थलिय धार्मिक साँस्कृतिक वातावरणको जगेर्ना , संरक्षण ,सम्बर्द्धन गर्न विगत काल देखी नै राज्य व्यवस्थाद्वारा पहल कदम गर्दै कानुन नै निर्माण गरेर निर्णय निर्देशनहरुलाई पालन गर्न आम नागरिकलाई जानकारी दिदै आएका कुराहरू हाम्रो माझ सर्वविदितै रहेको छ।

कुनै पनि मुलुकको राष्ट्रिय पहिचानको महत्वपूर्ण आधार भनेकै त्यस देशको धार्मिक एवं संस्कृतिक विशेषता हो । धार्मिक एवं तिर्थस्थलिय वातावरण कायम गर्नका लागि राज्य व्यबस्थाले कुनै तिर्थस्थल वा देव देविको मठ मन्दिर वरिपरि मद्ध मदिरा , माछा , मासु निषेध गर्दछ भने त्यसलाई एउटा राष्ट्रिय पहिचानको रुपमा सबैले लिनुपर्ने हुन्छ।

लामो समय देखी नै धार्मिक साँस्कृतिक तीर्थस्थलिय वातावरणलाई संरक्षित गर्न जनकपुर धामको परिक्रमा क्षेत्र भित्र धार्मिक स्वच्छता र पवित्रता कायम राख्ने प्रयोजनको निमित्त धेरै प्रयासहरु हुँदै आएका छन । परिक्रमा क्षेत्र भित्र माछा मासु, अन्डा , मदिरा बेच बिखन एवं जीव जन्तुको हत्या गर्न राज्य व्यवस्थाद्धारा नै निषेध गरिएको छ। तापनि निषेधित माछा मासु, मदिरा र अन्डा परिक्रमा क्षेत्र भित्र किन ? एक पटक सबैले सोच्नुपर्ने होइन र!

जबकि धार्मिक पवित्रता स्वच्छताको वातावरण कायम राख्दै धर्म संस्कृतिको जगेर्ना गर्नका लागी तत्कालिन प्रधानमन्त्री श्री ३ महाराज जंगबहादुर राणाबाट वि.स. १९३३/१०/११ गते एउटा सनद जारी गरि सनदमा उल्लेख भएका अनुसार आचरण गर्नलाई काठमा सनद कुँदन लगाएर सर्व साधरणलाई जानकारीको लागि जनकपुर धामको श्रीराम मन्दिरमा राख्न लगाएका थिए। जुन काष्ठ-पत्रको नाउँले प्रख्यात छ। उक्त काष्ठ पत्रमा " यस जनकपुर धाम अन्तगृह भित्रका तालाव, पोखरीबाट बारी बगैचा अरु जमीन डगर गैह्रामा कसैले माछा नमार्नु पशु पंछी चिडिया कसैले अन्तगृह भित्रमा त्यो भन्या मारेको जसले देख्छ तेसैले त्यो मान्याको जानवर र मार्न्या समेतलाई पक्री अदालत ठानामा लगि माछाको २।।. मोहर पंछी चिडियाको २।।० मोहर रुपैयाँ फी पशुको ५/ रु.को दरले दण्ड गर्नु " भन्ने उल्लेख रहेको छ। उक्त काठ पत्र राम मन्दिरबाट गुठी संस्थाले कता पुर्याएको छ वर्तमान समयमा देख्न पाइदैन।

तत्कालीन कानुनी व्यवस्थामा लाल मोहरलाई समेत काटन सक्ने क्षमता रहेको सनद कानुन सरह मान्य र लागु हुन्छ । यसो हेर्दा यहाँको धार्मिक वातावरण र तिर्थस्थलिय संस्कृतिलाई परापुर्व काल देखी नै कानुन द्वारा सुरक्षीत र संरक्षित गरिदैं आएको छ।

धार्मिक अध्यात्मिक पवित्र तिर्थस्थल जनकपुर धामको प्राचीन संस्कृतिको रक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व हुन्छ। यसै कर्तव्य र दायित्वलाई बोध गराउन श्री ५ को सरकारले जनकपुर धामको परिक्रमा क्षेत्र भित्र माछा मासु मदिरा बिक्री वितरण र जिवजन्तु बध गर्ने कार्य निषेध गरिएको छ भन्ने निर्णय गरेर सर्व साधरनको जानकारीकोलागी वि.स.२०२९ साल भाद्र २७ गतेको राज पत्रमा समेत प्रकाशित गरेको छ।

जुन कानुनी व्यवस्था सम्बन्धि एन २०१० को दफा २ को देहाय (ङ) अनुसार कनुनी सरह नै छ।

साथै जनकपुर धाम नगर पालिका क्षेत्रमा पहिला देखि नै रोक एंव निषेध गरिएकोमा सनदबाट भइरहेको व्यवस्थालाई मुर्त रुप दिने उद्देश्यले मदिरा एन २००३१ र मदिरा नियमावली २०३३ मा सो अनुरुपको व्यवस्था भएको हुन सक्छ होला ।

मदिरा एन २०३१ को दफा ४ बमोजिम कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्र मा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री वितरण गर्ने वा खुवाउने वा रेस्टुरेन्ट वा पसल थाप्न नपाउने कानुनी व्यवस्था रहेको छ। कानुनले नै यसरी व्यवस्था गर्दागर्दै पनि कानुनले निषेध गरेको कार्य कसैले गर्छ भने त्यस्ता कार्य ठाडो कानुनको उल्लंघन भित्र पर्दछ ।

तत्कालीन अन्तशुल्क अधिकारीले मनाही गरेको ठाउँमा मदिरा बिक्री वितरण खान खुवाउन समेत पाइदैन भन्ने व्यबस्था मदिरा नियमावली २०३३ को दफा ११ मा प्रष्ट रूपमा नै लेखिएको छ। मदिरा नियमावली २०३३ को नियम ३ (२) अन्तर्गत प्रदान गरिने अनुमति पत्रको पिठमा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तहरु मध्ये प्रकरण (च) मा " धार्मिक दृष्टिले पूजा गर्दा वा प्रसादको रुपमा रक्सी प्रयोग गर्न मान्यता प्राप्त भएकोमा बाहेक अन्य देवस्थल , पाठशाला ,स्कुल र कलेजोको कम्पाउण्ड भित्र वा त्यहाँबाट २०० गज भन्दा नजिक बोतलबन्दी वा खोली वा उत्पादन गरि मदिरा बेच्न वा मदिरा पिलाउने पसल राख्नु हुदैन " भन्ने उल्लेख रहेको छ।

यसको वाबजुद पनि मदिरा बिक्री वितरण गर्न नपाउने गरि कडाइका साथ रोक लगाउने पुर्व बिल मिलाउन हुनकालागी निर्देशानुशार अनुरोध गर्दछु भन्ने २०४९/६/१३ मा गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय धनुषालाई समेत पत्र लेखेको छ । उक्त पत्रको जानकारी जनकपुर धाम नगर पालिकालाइ समेत जिल्ला प्रशासनले गराएको छ।

हुनत नगर क्षेत्रको प्राचीन संस्कृतिको संरक्षण गर्ने काम कर्तव्य र अधिकार स्थानीय स्वायत्त शासन एनले नगर पालिकालाई नै प्रदान गरेको छ।

नगर पालिका एन २०४८ को दफा १५ को उपदफा १ को ( ङ) मा नगर पालिकालाई वातावरण र संस्कृतिको संरक्षण गर्ने काम कर्तव्य र अधिकारको व्यवस्था ले सो गर्नु नगर पालिकाको अधिकार र कर्तव्य नै हो।

नगर पालिका एन २०४८ को १५ अनुसार नगरको वातावरण संरक्षण , पुरातात्त्विक वस्तुको र संस्कृतिको संरक्षण गर्ने , विभिन्न जाति भाषा , धर्म संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने , अनैतिक पेशा र व्यपार नियन्त्रण सम्बन्धि कार्यहरू समेत नगर पालिकाको काम कर्तव्य र अधिकार भित्र पर्ने देखिन्छ ।

जनकपुरधामको परिक्रमा क्षेत्र भित्र माछा मासु र मदिरा बिक्री वितरण र सेवन समुचित नियन्त्रण गरि गराई धार्मिक तथा संस्कृतिक वातावरण कायम राख्ने जस्ता कार्य उक्त दफा १५ को काम र कर्तव्य भित्र नै पर्दछ।

तर तत्कालीन नगर पालिकाका नेतृत्व कर्ताहारुले नगर पालिकाको काम कर्तव्य ,दायित्व एवं अधिकार क्षेत्र नबुझिदिदां जनकपुर धामको धार्मिक संस्कृतिक तिर्थस्थलिय वातावरणलाई जगेर्ना गर्न विभिन्न समाजिक संघ संस्था , नागरिक अगुवाहरु लगायत धर्म अनुरागिहरु सबै सडकमा उत्रेकै हुन । आन्दोलन गरेकै हुन । धर्ना अनशन समेत बसेकै हुन । सम्बन्धित निकायहरुमा ज्ञापन पत्र पनि बुझाएका नै हुन । कानुन सम्मत निषेधित रहेका मध मदिरा ,माछा मासु,अन्डा परिक्रमा क्षेत्र भित्र बिक्री वितरण गर्न नपाउने भनी व्यापक रुपमा आन्दोलन अगाडि बढेको नै हो ।

यै आधारहरुमा तत्कालीन जनकपुर धाम नगर पालिकाका प्रमुखको अध्यक्षतामा बसेका प्रशासन लगायत सर्व दलिय एंव सरोकारवालाहरुको प्रतिनिधिहरुको बैठकद्वारा परिक्रमा क्षेत्र भित्र मदिरा बिक्री वितरण माछा मासु अण्डा बिक्री गर्न रोक्न र परिक्रमा सडक भन्दा २०० गज टाढा पसल थापी सञ्चालन गर्ने निर्णय २०५४/७/२० गतेमा गर्‍यो ।




सो निर्णयमा "जनकपुर धाम परिक्रमा क्षेत्र भित्र मध मदिरा ,माछा , मासु तथा अण्डा बिक्रि वितरण र सेवन निषेधित र अबैध रहेकोले यसको बिक्री वितरण र सेवन कडाइका साथ रोकथाम लगाउन र परिक्रमा बाहिर २०० गज टाढा उक्त व्यबसायिहरुलाई हटाउन नगर पालिकाका प्रतिनिधि , मुल्य अभिवृद्धि कर कार्यलयका प्रतिनिधि र प्रहरी प्रतिनिधिहरुको सहयोगमा टोलि खटाई नियमानुसार कार्यान्वयन गर्ने , परिक्रमा बाहिर भएको मध मदिरा माछा मासु, अन्डा र जीव हत्या पसलहरु १५ दिन भित्र सार्वजनिक स्थल , धार्मिक ठाउँ , मठ मन्दिर र बिधालय देखि २०० गज टाढा हटाउन लगाउने र मध मदिरा , माछा मासु, अन्डा बिक्री वितरण र सेवन भन्नाले होटल ,लज , रेस्टुरेन्टलाई जनाउँछ भनी उल्लेख रहेको छ।

यस निर्णय अनुसार नगर पालिकाले म्याकिंग एवं पम्पप्लेटद्वारा- " जनकपुर धामको परिक्रमा क्षेत्र भित्र पूर्ब निषेधित भइ सकेको जन भावना अनूकुल माछा मासु र मदिरा बिक्री वितरण र सेवन गर्न बन्द गर्नु " भनेर समय सीमा तोकेर आम नागरिकलाई जानकारी गराएको थियो।

बन्द को कार्यान्वयन न हुँदै सोही समयमा परिक्रमा क्षेत्र भित्र कानुन बिपरित नै ब्यवसाय सञ्चालन गरि रहेका केहि व्यबसायिहरुले नागरिक अधिकार एन २०१२ को दफा ६ (७) अन्तर्गतको अधिकार कुण्ठित भयो भनी पुनरावेदन अदालत जनकपुर धाममा निषेधाज्ञाको आदेश जारी गरि पाउ भनी मिति २०५४/९/२५/६ मा मुद्दा नगर पालिकाको विरुद्ध दर्ता गराए ।

पुनराबेदन अदालतले २०५४/९/२८ मा अन्तरिम आदेश जारी गर्यो। कानुनी जटिलता एवं न्यायधिसहरुको दिवालियापन सोचले गर्दा कानुन बिपरित निषेधित रहेका परिक्रमा क्षेत्र भित्र रहेका माछा मासु मदिराका पसलहरु निर्भीक रुपमा अनुमतिपत्र बेगर पनि तीब्र रुपमा जहाँ पायो त्यहीं सञ्चालन हुन लाग्यो। यो मुद्दा लगभग दुई साल सम्म चल्यो। धर्म, संस्कृति नष्ट गर्ने व्यक्तिगत स्वार्थमा रुमल्लिएकाहरुको मनोबल उच्च भयो। नगर पालिकाले थाल्नी गरेको काम कार्यवाही तत्कालीन रोक्नु थियो त्यसमा न्यालयले गर्दा उनीहरुले सफलता पाए । लगभग दुई वर्ष सम्म मुद्दा चल्यो। अन्त्यमा मिति २०५६ साल पौष २९ गतेका दिन मा.न्यायाधीश श्री गोबिन्द प्रसाद पराजुली र मा. न्यायाधीश श्री लक्ष्मीप्रसाद दाहालको संयुक्त इजलासले " .......अन्तरिम आदेश स्वतः निष्क्रिय भै बिपक्षीहरुको नाउमा निषेधाज्ञा जारी गरि पाउ भन्ने निवेदन दाबी समेत खारेज हुने ठहर्छ ।" भनी फैसला गर्यो।

विडम्बना ! यो मुद्दा पुनराबेदन अदालतमा मात्र रहेन । सर्वोच्च सम्म पुग्यो । २०५७ सालमा सर्बोच्चमा दर्ता भएको यस मुद्दाले लगभग पाँच वर्ष पछि २०६२ जेष्ठ २४ गते फैसला प्राप्त गर्ने अवसर पायो। सर्बोच्च अदालतका मा.न्या. श्री अनूप राज शर्मा र मा.न्या. श्री बलराम के.सी. को संयुक्त इजलासले - "...........जनकपुर धामको धार्मिक स्वच्छता र पवित्रता कायम राख्ने प्रयोजनका निमित्त ....... प्रतिनिधिहरु, प्रत्यर्थी निकाय , अन्य धार्मिक , समाजिक संघ संस्थाका प्रतिनिधिहरु, ईतिहासबिद, स्थानीय प्रतिष्ठित व्यक्तिहरु लगायत अन्य आवश्यक व्यक्तिहरु समेत राखी जनकपुर धामको परिक्रमा क्षेत्र निश्चित गरि सो क्षेत्र भन्दा बाहिर निबेदकहरुलाई कानुन बमोजिम माछा मासु ,र मदिरा बिक्री वितरण गर्न एवं निजहरूको ग्राहक एवं पाहुनाहरुले बाहिरबाट ल्याएका मदिरा सेवन गर्न निजहरुलाई कुनै बाधा बिरोध नगर्नु नगराउनु भनी बिपक्षीहरुको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ। निबेदकहरुको निवेदन दाबी समेत खारेज हुने ठहर्छ। भनी पुनराबेदन अदालत, जनकपुरले मिति ०५६//९/२९ मा गरेको आदेश उल्टि हुने ठहर्छ " भनी फैसला सुनायो।

अब पनि सर्वोच्चको फैसला , सनद , राजपत्रमा प्रकाशित सूचना , गृह मन्त्रालयको जिल्ला प्रशासन धनुषालाई दिएको निर्देशन , मदिरा एन, नियामावली , नगर पालिका एन तथा नगर पालिकाले गरेको सर्व पक्षीय-सर्व दलीय , स्थानीय प्रशासन , सरोकारबालाहरुको प्रतिनिधिहरुको संयुक्त बैठकले गरेको निर्णयहरुलाई कार्यान्वयन गर्न सकिएन भने यो भन्दा लज्जास्पद कुरा के हुन सक्ला र !

नगर पालिकाको बैंठकको निर्णय कतैबाट बदर नभै हाल सम्म यथावतै रहेको छ। सो लाई बदर गर्ने वा सो को प्रतिकूल हुने गरी कतैबाट कुनै निर्णय भएको पनि छैन।

धार्मिक ,साँस्कृतिक एवं वातरणिय संरक्षण र वर्चस्व कायम गर्न कुनै स्थान विशेष वा निश्चित क्षेत्र भित्र राज्य व्यवस्थाले नै मध मदिरा, माछा मासु जस्ता पदार्थहरुको बिक्री वितरण र सेवनमा रोक लगाउँछ वा निशेध गर्दछ वा सो क्षेत्रलाई मध मदिरा ,माछा मासु अन्डा निषेधित क्षेत्र घोषित गर्दछ भने सोलाई पालन गर्नु पनि नागरिकको उत्तिकै महत्त्वपूर्ण कर्तव्य हुन आउँछ ।

स्थानीय प्रशासन र सर्वदलीय समितिको बैठकद्वारा पनि बिगत समय देखि नै व्यवस्था रहेको तदनुरुपकै व्यवस्था लागू गर्न तथा राज्यको धार्मिक एवं साँस्कृतिक सम्पदाको जगेर्ना गर्न राज्य व्यवस्थाले नै उठान गरेको प्रयासमा सघाउ पुर्‍याउनु सम्पूर्ण नागरिकको समेत नैतिक कर्तव्य हुन आउछ ।

व्यबसाय गर्नुछ भन्दैमा जहाँ पायो त्यहाँ आफ्नै मनमानी खुसी राजिले सञ्चालन गर्न पाइदैन । राज्य व्यवस्थाले निषेध नगरेको क्षेत्रमा मात्र कानुनी विधि पूरा गरेर गर्न पाइने हो।

त्यसर्थ पुर्व समयकाल देखि नै जनकपुर धामको परिक्रमा क्षेत्र भित्र राज्य व्यवस्थाले माछा मासु बिक्री वितरण र मदिरा सेवन गर्न नपाउने गरि निषेध गर्दै आएको कार्यलाई सम्बन्धित निकाय , अधिकारी , संघ संस्था तथा आम नागरिकले कार्यान्वयन गराउने मार्गमा जोडदार रुपले अग्रसर हुनै पर्दछ। अग्रसर भएकाहरूलाई सकारात्मक मान्नुपर्छ । नभएकाहरुलाई पनी एकजुट बनाएर मुक्ति भूमि , पुण्य भूमि , ज्ञान भूमि र शान्ति भूमिको रुपमा रहेको जनकपुर धामको सहिष्णुता-सद्भावपुर्ण गरिमामय गौरवलाई जगेर्ना गर्न धार्मिक संस्कृतिक अस्मितालाई जोगाउदैं रामायण कालिन तीर्थस्थलीय पहिचानको रक्षार्थ अगाडि बढौं। अस्तुः

# गणतन्त्रको सबलीकरणको पक्षमा

दमननाथ ढुङ्गाना

नेपाली जनताले लामो सङ्घर्षपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छन् । 'गणतन्त्र' भनेको राजसंस्था विस्थापित गर्नुमात्र होइन । गणतान्त्रिक शासन प्रणाली समग्रमा राजसंस्थाकालीन प्रणालीभन्दा हरेक हिसाबले राम्रो शासन प्रणाली मानिन्छ । यसरी प्राप्त भएको गणतन्त्रलाई जन उत्तरदायी, लोकप्रिय तथा दह्रो बनाउँदै लैजानुपर्ने अहिले ठूलै चुनौतीको घडी पनि हो । यस्ता चुनौती पार गर्ने क्षमता सर्वथा जनताको जागरुगता, गणतन्त्र रक्षा विषयक अन्तरदलीय एकता तथा जनप्रतिनिधिहरूको नैतिकता तथा निष्ठामा निर्भर गर्ने कुराहरू हुन् ।

वर्तमानमा राजसंथा पुनस्थापनावादी अथवा सङ्घीयता विरोधीहरूले हाम्रा निर्वाचित निकायहरूमा मत वा सिट सङ्ख्या बढाएकाले पनि यिनका स्वर ठूलो हुन थालेको चर्चा देशभर चल्ने गरेको छ । यस्ता चहलपहललाई कतिले वर्तमान संविधानको आधारभूत मौलिक चरित्रमाथि खतराका रूपमा लिने गरेको पनि पाइन्छ । देशमा यस्ता धारणा विकसित तिनै मुख्य दलको अकर्मण्यता वा असफलताको कारण भएको सहज रूपमा बुझ्नुपर्ने कुरा छ ।

देशका ती मुख्य दलहरू जसले देशमा राष्ट्रिय सहमतिको औचित्व तथा वातावरणमा संविधान निर्माण गर्नुपर्ने दायित्वलाई बिल्कूलै उपेक्षा गरी निर्धारित समयमै संविधान ल्याउन सकेनन् । ती दलहरूले संविधानसभाको केवल दलीय मिलेमतोमा संविधानको घोषणामात्र गरेनन्, संविधान कार्यान्वयनसम्बन्धी जिम्मेवारीका कुरामा पनि पटक पटक सरकारमा रहँदा तथा नेतृत्व गर्दा पनि गम्भीरता देखाएनन् । उनीहरूले न यृद्ध पीडितहरूको क्रन्दन सुनेर सङ्क्रमणकालीन न्यायसम्बन्धी दायित्व समयमै गम्भीरतापूर्वक सम्पन्न गर्न सके, न राज्यको आर्थिक सामाजिक रुपान्तरणसम्बन्धी प्रतिबद्धतालाई नै उल्लेखनीय गति प्रदान गर्न सके । त्यति मात्रै होइन, आम जनताको कष्टपूर्ण दैनिक जीवनमा किञ्चित गुणात्मक अन्तरबोध गराउन पनि सकेनन् । कुनै दलले आफैँमा बहुमत हासिल गर्न असमर्थ रहे । यसले गर्दा सरकार सधैँ अस्थिरतामा झुलाइराख्ने प्रकृतिको पुनरावलोकन वा संशोधनको पहल हुन सकेन । यसो भन्नुको मतलब सारांशमा आजका मुख्य दलले भ्रष्टाचार घटाई सुशासन बढाई आफना जिम्मेवारीका काम कर्तव्य क्रान्ति चेतना तथा संविधानको भावनाबमोजिम गर्न नसकेकाले नै एक वा अर्को प्रकारका परिवर्तन विरोधीहरूको स्वर केही समयका लागि ठूलो सुनिन थालेको हो ।

वर्तमान ठूला दलहरूले विगतका आफ्ना कमीकमजोरीबाट चेत्दै सुध्रिन सकेमा अन्यथा नयाँ पुस्ताका नयाँ दल र नेतृत्वले वर्तमान परिवर्तनको कार्यभार समयको मागअनुसार निष्ठापूर्वक सम्हाल्दै जनताको मन जित्न सक्नेछन् । अहिले केही क्षय भएको परिवर्तनलाई परिष्कार गर्दै संस्थागत विकास गर्न सक्नेछन् भन्ने कुरामा अहिल्यै विश्वास डगमगाई हाल्नुपर्ने समय आइसक्यो जस्तो लाग्दैन । दिन उज्याला छन्, उनीहरू बाटैमा छन्, आउँदैछन् ।

अर्को शब्दमा, माथिका कथनले दुईवटा अमिल्दो अवस्थातर्फ पनि ध्यानाकर्षण गर्दछ । मूलतः संविधानसभामा बसेर राजनैतिक दलले धेरै ठूलो राजनैतिक परिवर्तनको घोषणा त गरे तर कार्यान्वयन कालमा भने तिनमा प्रतिबद्धता तथा एकताको मात्रा धैरै थोरै मात्र जुट्न र जुटाउन सकेको पाइयो । यसले एउटा आधारभूत प्रश्न अघि सार्दछ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा सञ्चालित त्यस सशस्त्र द्वन्द्वप्रति छुट्टै दृष्टिकोण राखी असहमति जनाई आएका मुख्य संसदीय दल भनेर चिनिएका नेपाली कांग्रेस र नेकपा (एमाले) ले कसरी एकाएक अधिकांश माओवादी एजेन्डा बोक्न पुगे ? अनि यसरी बोकिसकेपछि कार्यान्वयनमा भने फेरि कसरी आमूल परिवर्तनमुखी अपूर्व राजनैतिक परिवर्तनका एजेण्डा सम्बन्धमा एक किसिमले अर्धमनले मात्र साथ दिन सके ? समस्या यहीँनेर अड्किएको जस्तो देखिन्छ ।

परिवर्तनका सहयात्री मुख्य तीन दलबीचको माथि दर्शाउन खोजेजस्तो सोच तथा व्यवहार बीचको खाडल वा विरोधाभास पहिलो संविधानसभामै उम्लेर दोस्रोमै पनि सामान्यकालीन सहमतिमा पुग्न नसकेको अवस्था रह्यो । तर २०७२ सालको भूकम्पपछि असामान्यकालीन हतारहतारको सहमतिमा मात्र वर्तमान संविधान घोषणा हुन सकेको वास्तविकताको पृष्ठभूमिलाई बिर्सन सकिँदैन । यसरी राजनैतिक धरातलमा अहिलेको प्रायः सबै दलले स्वीकार गरेको बढ्दो जन असन्तुष्टि तथा आक्रोशको एउटा जड कारण पनि यो संविधान नै हो भन्नु गलत भई हाल्दैन । यस अर्थमा कि संविधान बुझ्न सक्ने जनतालाई नै पनि यसको विशिष्टता बुझ्न हिजो जति सकस भएको थियो, आज यसको कार्यान्वयन समग्रमा मूल्याङ्कन गर्न बस्दा भविष्य फेला पार्न झन् झन् असम्भव भए जस्तै लाग्दैछ ।रासस

# भ्रष्टाचारविरुद्धको आन्दोलन माओवादीबाट मात्रै सम्भव छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीलाई राजनीतिक, वैचारिक, साङ्गठनिक र साँस्कृतिक दृष्टिले नयाँ बनाउने चुनौति रहेको बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित केन्द्रीय सल्लाहकार समिति र ज्येष्ठ कम्युनिस्ट मञ्चको संयुक्त बैठकमा उहाँले उक्त कुरा बताउनुभएको हो ।उहाँले भन्नुभयो, "पार्टीका सबै निकाय व्यवस्थित बन्न नसक्दा सल्लाहकार र ज्येष्ठ कम्युनिष्ट मञ्चमा रहनुभएका कमरेडलाई उचित सम्मान र जिम्मेवारी दिन सकिएको छैन।"



उहाँले पार्टी राम्रो नभए त्यसको असर सबैतिर पर्ने भएकाले पार्टीलाई राम्रो बनाउन विचारलाई स्पष्ट गर्ने, सङ्गठन र अनुशासनलाई कायम गर्ने र संस्कृति, आचरण र कार्यशैलीलाई सच्याउने कुरा नै मुख्य भएको बताउनुभयो।

प्रधानमन्त्री दाहालले पार्टी, आन्दोलन र नेतृत्वप्रति जनतामा आशा रहेको उल्लेख गर्दै सोही आशाको बलमा आफूहरू सरकारको नेतृत्वमा आएको स्पष्ट गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले सरकारको मात्र नेतृत्व गरेका छैनौँ, राष्ट्रिय सहमतिको नेतृत्वको लिन पनि सक्षम भएका छौँ ।" प्रधानमन्त्री दाहालले विगतका अनुभवका आधारमा यसपटक सरकारको नेतृत्व भिन्न ढङ्गले सङ्कल्पका साथ लिएको बताउनुभयो । उहाँले देशको अहिलेको आर्थिक स्थितिलाई सहजीकरण गर्ने र जनतामा सेवा प्रवाहलाई सरल गर्ने कार्यमा सरकार केन्द्रित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अब राजनीतिक परिवर्तन त भयो तर राष्ट्र र जनताको जीवनमा र यसको प्रतिष्ठा अभिवृद्धि गर्ने कुरामा खासै परिवर्तन भएको छैन । यसको फाइदा जनतालाई भ्रम दिनेहरूबाट हुन थालेको छ।

त्यसका लागि अब जनतामा नयाँ आन्दोलन वा नयाँ खालको क्रान्तिको आवश्यकता भएको छ ।"प्रधानमन्त्री दाहालले जनताको पक्षमा काम गर्ने माओवादीबाट भ्रष्टाचार नियन्त्रण, सुशासन अभिवृद्धि र समृद्धि सम्भव भएको बताउनुभयो । "अरुले गर्दा यो सम्भव हुने कुरा होइन। त्यही दृढ सङ्कल्पका साथ भ्रष्टाचारविरुद्धको आन्दोलन सुरु गरिएको हो। यो विद्यमान विकृति र विसंगतिका विरुद्धको आन्दोलन हो", उहाँले भन्नुभयो।

अनियमितता, भ्रष्टाचारसम्बन्धी अन्य फाइल पनि सरकारले क्रमशः खोतल्ने जानकारी दिँदै प्रधानमन्त्री दाहालले ठूल्ठूला भ्रष्टाचारका काण्डको खोजीनीति गरिने बताउनुभयो।

उहाँले भन्नुभयो, "यसले जनतामा अब केही हुन्छ भन्ने विश्वास जगाउँछ । हामीले वर्षौंदेखि थुप्रिएर बसेको विसंगति रातारात अन्त्य हुने कुरा पनि होइन।" प्रधानमन्त्रीले भोलिदेखि हुने भारत भ्रमणका बारेमा स्पष्ट गर्दै नेपाल राष्ट्रको हितमा दुई देशबीच केही नयाँ होस् भन्ने आफूले चाहेको बताउनुभयो।

उहाँले अगाडि भन्नुभयो, "भोलिसम्मका लागि नेपाली जनताले सम्झने केही काम सम्पन्न होउन् भन्ने मैले चाहेको छु।" उहाँले विद्युत्, सीमा, पारवहनलगायत विषयमा राम्रो गर्ने आफ्नो चाहना भएको बताउनुभयो।

देशभित्र मात्र होइन देश बाहिर पनि आफूले राम्रो मात्र गर्ने राम्रो गर्न नसके नराम्रो चै गर्दै नगर्ने सङ्कल्प गरेको उहाँले बताउनुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "केही राम्रो गर्नका लागि बिहानदेखि बेलुकासम्म म युद्धको बेलामा भन्दा व्यस्त छु।"रासस

# पुँजीगत खर्च बढाउनु सरकारको पहिलो प्राथमिकता : अर्थमन्त्री महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले बजेट कार्यान्वयनमा ध्यान दिँदै पुँजीगत खर्च बढाउने मुख्य उद्देश्य र प्राथमिकताका साथ बजेट ल्याइएको बताउनुभएको छ।

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका सम्बन्धमा मंगलबार अर्थ मन्त्रालयमा आयोजित पत्रकार भेटघाटमा अर्थमन्त्री डा महतले पुँजीगत खर्च बढाउने र सार्वजनिक खर्च नियन्त्रण गर्ने स्पष्ट मार्गचित्रसहित वार्षिक बजेट ल्याइएको दाबी गर्नुभयो।

"यो बजेटको मुख्य पक्ष भनेको पुँजीगत खर्चमा देखिएको समस्या हटाएर बजेट प्रणालीमा सुधार र कार्यान्वयन प्रकृयालाई प्रभावकारी बनाउनु हो । यसलाई हामी गम्भीरताका साथ कार्यान्वयन गर्छौं", अर्थमन्त्री डा महतले भन्नुभयो।

अनिवार्य दायित्वका साधारण खर्च र सामाजिक सुरक्षाको दायित्वलाई कम गर्न नसकिने उहाँको भनाइ छ। वितीय हस्तान्तरणमा जाने रकम चालु शीर्षकमा जाने भएकाले पुँजीगत बजेटको वास्तविक आकार बढी हुने उहाँको भनाइ छ।

"साधारण खर्चमा पनि पुँजीगत बजेटको निकै ठूलो अंश छ । शीर्षकगत रूपमा पुँजीगत बजेट रू तीन खर्ब दुई अर्बको भए पनि वास्तविक पुँजीगत खर्च रू चार खर्ब ७१ अर्ब बराबर हुन आउँछ", उहाँले भन्नुभयो।

त्यस्तै, सांसद विकास कोष ब्यूँताएको नभएर नयाँ अवधारणाबाट ल्याइएको उहाँको भनाइ छ। "संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममा सांसदहरूको भूमिका आयोजना छनौट गर्ने मात्रै हो।



आफ्नो क्षेत्रमा कुन र कस्तो आयोजना चाहिन्छ भनेर उहाँहरूलाई थाहा हुन्छ । सांसदहरूले सोझै नगदका रूपमा पाउने होइन। उहाँहरूले खल्तीमा हाल्ने पैसा होइन", उहाँले भन्नुभयो।

जनताको माग कुन क्षेत्रमा छ भनेर सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित सांसदलाई थाहा हुने र त्यस्ता आयोजनाको अनुगमनमा उहाँहरू संलग्न हुने भएकाले झन प्रभावकारी हुने उहाँको भनाइ छ।

सरकारले आर्थिक विधेयकमार्फत राजस्व नीतिमा पनि व्यापक सुधार गरेको उहाँले बताउनुभयो । राजस्व नीति तर्जुमा गर्दा कुनै व्यक्ति र व्यावसायिक समूहलाई फाइदा पुग्ने गरी नभएको समेत उहाँले दाबी गर्नुभयो।

"व्यक्तिगत रूपमा कसैलाई लाभ पुग्ने गरी करका दर हेरफेर भएका छैनन्। त्यसमा कसैले शङ्का नगर्न आग्रह गर्दछु", उहाँले भन्नुभयो । वित्तीय नीतिका व्यवस्था कार्यान्व्यनमा समन्वय हुने गरी मौद्रिक नीति आउने पनि उहाँको भनाइ छ । सार्वजनिक ऋणको दायित्व बढ्दै गएकोमा सरकारले आन्तरिक ऋण कम लिने नीति लिएको उहाँले बताउनुभयो। रासस

# महिला अधिकारका लागि लड्ने पार्टी एमाले : अध्यक्ष ओली

काठमाण्डु। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफू नेतृत्वको पार्टीले मात्र महिला अधिकारका लागि लड्ने जिकीर गर्नुभएको छ।

राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा मंगलबार अखिल नेपाल महिला सङ्घले आयोजना गरेको 'महिला अधिकार कार्यान्वयनमा अवसर र चुनौती' विषयक राष्ट्रिय भेला तथा प्रशिक्षणमा उहाँले आफ्नो पार्टीले नै संसद्मा महिलाको ३३ प्रतिशत सहभागिता गराउने ऐतिहासिक निर्णय गरेको दाबी गर्नुभयो । राष्ट्रपति र उपराष्ट्रपतिमा पनि एक जना महिला हुनुपर्ने बताउँदै अध्यक्ष ओलीले यसपटक महिलालाई अवसर नदिएको तर्क गर्नुभयो। उहाँले स्थानीय तहमा पनि गठबन्धनले साझा उम्मेदवार उठाउँदा दुई वटै पुरुष उठाएर महिला अधिकारमा हनन भएको टिप्पणी गर्नुभयो । समाजमा महिला र पुरुषमा समान अधिकार र समान हैसियत प्रदान गर्नुपर्ने धारणा उहाँको छ।



अध्यक्ष ओलीले मानिस मरिसकेपछि कसैले सम्झनुको अर्थ नहुने भन्दै आफ्नो सालिक नबनाउनसमेत आग्रह गर्नुभयो । "मरिसकेपछि किन सम्झिरहनु।

बेकारमा सम्झिँदा मैले थाहा पाउने पनि होइन, त्यस कारण मेरो सालिक बनाउनु पर्दै, मूर्ति बनाउनुपर्दैन, स्मृति दिवस मनाएर खर्च गर्नुपर्दैन, मेरो धारणा त्यो हो ।" अखिल नेपाल महिला सङ्घका उपाध्यक्ष मेनुका पोखरेलले महिला अधिकार पक्षमा अझै आन्दोलन गर्नुपर्ने बताउनुभयो। रासस

# कार्यविधिमाथि छलफल

काठमाण्डु। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले समितिको प्रस्तावित कार्यविधिमाथि छलफल गरेको छ।

मंगलबार सिंहदरबारमा बसेको समितिको बैठकले प्रस्तावित कार्यविधिमाथि छलफल गर्दै आगामी बैठकमा पेश गर्ने निर्णय गरेको समितिका उपसचिव पुष्पप्रकाश खनालले जानकारी दिनुभयो । "प्रस्तावित



कार्यविधिमाथि संशोधन गर्नुपर्ने देखियो । प्रत्येक दलबाट एक-एक जना समिति सदस्य मिलेर कार्यविधिलाई टुङ्ग्याउनुहुन्छ", उहाँले भन्नुभयो, "अर्को बैठकमा टुङ्ग्याइएको कार्यविधि पेश गरेर पारित हुन्छ।"

उहाँका अनुसार अर्को बैठक यही जेठ १८ गते र पूर्ण बैठक यही जेठ २१ गते बस्ने छ। ज्येष्ठ सदस्य कालुराम राईको अध्यक्षमा बैठक बसेको थियो । समितिको कार्यक्षेत्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय रहेको छ। रासस

# परिवर्तनका लागि अब आन्दोलन गरिहनु पर्दैन : पूर्वसभामुख नेम्वाङ

तत्कालीन संविधानसभा अध्यक्ष एवं नेकपा (एमाले) ससदीय दलका उपनेता सुवास नेम्वाङले आफूलाई नेपालको संसदीय अभ्यासमा अनुभवी र अभिभावकीय छवि बनाउन सफल हुनुभएको छ। कानूनी पृष्ठभूमि रहेका नेम्वाङले संविधानसभासहित छ पटक व्यवस्थापिका-ससदको नेतृत्व सम्हाल्नुभयो । उहाँले मुलुकमा राजनीतिक प्रणाली परिवर्तन भई चर्को सङ्क्रमणकालका समयमा समेत सबै राजनीतिक शक्तिलाई सम्वादमार्फत नै समस्या समाधानका लागि निरन्तर प्रेरणा प्रदान गर्नुभयो । संविधासभाबाट संविधान जारी भएसगैँ उहाँले त्यसमा सफलता प्राप्त गर्नुभयो । पूर्वसभामुख नेम्वाङ अहिले पनि सङ्घीय ससदमा सत्तापक्ष र प्रतिपक्षका कारण उत्पन्न परिस्थितिमा राजनीतिक र कानूनी पाटोबाट आउने समस्या सुल्झाउन मुख्य सूत्रधारको काम गर्दै आउनुभएको छ। प्रस्तुत छ, १६ औं गणतन्त्र दिवसका अवसरमा डेढ दशकदेखि मुलुकमा भइरहेका राजनीतिक र शासकीय प्रणालीसम्बन्धी अभ्यासबारे उहाँसँग गरिएको कुराकानीको सम्पादित अंश :

**प्र. संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान जारी गर्ने अवसर र प्रक्रियाबारे कसरी जुट्यो ?**

-मुलुकमा ७० वर्षअघिदेखि संविधानसभाद्वारा संविधान जारी गर्नुपर्छ भन्ने प्रसङ्ग उठेको थियो । विसं २०६२/६३ को संयुक्त जनआन्दोलन उत्कर्षमा पुगेसँगै जनताको त्यो चाहना र भावनाले मूर्तता प्राप्त गऱ्यो । संविधानसभाको दुई पटक निर्वाचन भई संविधान जारी भयो। जनताको यसअघि कहिल्यै नभएको पर्याप्त दबाबले मूर्तता प्राप्त गर्न सफल भएको हो । संविधानसभाबाट समयमा संविधान बन्नुपर्छ भनेर निरन्तर लागेकै कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीतासहितको समाजवाद उन्मुख संविधान प्राप्त भयो। यो जनताले आफ्ना लागि बनाएको संविधान हो। यसअघि जारी संविधानका स्रोत शासक थिए । यो त्यस्तो संविधान हो जसको अधिकारको स्रोत जनता हुन्। त्यसैले संविधानको प्रस्तावनामै सार्वभौम सम्पन्न नेपाली जनताको प्रतिनिधिमूलक संस्था संविधानसभाले यो संविधान बनाएर जारी गरेका छौँ भनेर घोषणा गरिएको हो।

**प्र. मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशपछि पनि भइरहेका अभ्यासप्रति अनेक टिक्का टिप्पणी सुनिएको छ, यसप्रति यहाँको धारणा के छ ?**

-नेपाली जनताको लामो सङ्घर्ष र बलिदानको उपलब्धिका रूपमा प्राप्त संविधान र हाल अभ्यासमा रहेको शासन व्यवस्थाको कुनै विकल्प छैन । जनताको यो तहबाट संविधान बन्ने जुन यथार्थ छ, यो भन्दामाथि अब यो देशमा अर्को संविधान बनाउने कुनै पनि ठाउँ छैन । अब फेरी पनि अर्को परिवर्तनका कुरा गर्नुको कुनै अर्थ छैन । यही संविधानअर्न्तगत रही जुनसुकै परिवर्तन गर्दै अघि बढन सकिन्छ।

**प्र. मुलुक संङ्घीय लोकतन्त्रान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि डेढ दशकमा भएका अभ्यास र उपलब्धिलाई कसरी हेर्नुभएको छ ?**

-अहिले हामीले अभ्यास गरेको संविधान जनताले-जनताका लागि बनाएको संविधान हो। जसको अधिकारको स्रोत नेपाली जनता हुन् । जसले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता, समाजवाद उन्मुख देशलाई प्रदान गऱ्यो । यो संविधान अन्तर्गत सही प्राप्त उपलब्धि कार्यान्वयन गर्दै लैजानुपर्छ। राज्यका सबै अङ्गमा ३३ प्रतिशत महिलाको सहभागिताको व्यवस्था गरेका छौँ । समावेशी समाजको कल्पना गरेका छौँ ।यसबीचमा नेपाल र नेपाली जनताको हितका लागि थुप्रै काम हामीले सम्पन्न गरेका छौँ । राजनीतिक रूपमा यति धेरै परिवर्तन गरेका छौँ। जनतलाई पहिलो पटक सार्वभौम सम्पन्न तुल्याएका छौँ । जनता यति अधिकार सम्पन्न भएका छन् कि जनताको आर्शिवाद र समर्थन जितेर संसदमा पुनुस् जुनसुकै परिर्तन गर्न सकिन्छ। जहाँसम्म आफना प्रतिनिधिका कुरा छ, व्यक्ति र दल मन परेन भने परिवर्तन र छान्न सकिन्छ। त्यसका लागि निर्वाचन र संसदमार्फत जुनसुकै परिवर्तन गर्न सकिन्छ । परिवर्तनका लागि अब आन्दोलन गरिरहनु पर्दैन।



**प्र. राजनीतिक दलहरूले विगतको सशस्त्र द्वन्दको घाउलाई सम्बोधन गर्ने शान्ति प्रकृयालाई निकै लामो समयसम्म टुङ्गोमा पुऱ्याउन सकेन भन्ने आरोप छ नि ?**

-हामीले यति ठूलो राजनीतिक परिवर्तन गरेका छौँ । शान्ति प्रकृयाका बाँकी काम लगभग टुङ्गोमा पुऱ्याएका छौँ । सेना समायोजन गरेर एउटा ठूलो सफलता प्राप्त गरेका छौँ । त्यही प्रकृयाको सन्दर्भमा यति राम्रो संविधान बनाउन सफल भएका हौँ। अब शान्ति प्रकृयासँग सम्बन्धित थोरै काम मात्रै बाँकी छ। जुन अब दुई/तीन वर्षभित्र सम्पन्न गर्ने गरी हामी काम अघि बढाइरहेका छौँ। यो शान्ति प्रकृयासँग सम्वन्धित जे काम गरिएको छ, विश्वकै शान्ति प्रकृयाका उदाहरणीय छ। म भरखरै कोलम्बिया पुगेर आएँ, त्यहाँको समेत अनुभव हेर्दा दाबीका साथ भन्न सकिन्छ कि नेपालको शान्ति प्रकृयाको जुन प्रसङ्ग छ, त्यो हाम्रो मोडेल हो, विश्वमै उत्कृष्ट छ।

**प्र. मुलुकका प्रमुख राजनीतिक शक्तिले समयमै पूरा गर्न पर्ने समाजका जल्दाबल्दा विषयमा पनि त्यति ध्यान पुऱ्याएन् भन्ने आरोप छ नि ?**

-हो, जनताको चाहना र भावना अनुरुप कतिपय महत्वपूर्ण काम भने अझै पनि गर्न सकेका छैनौँ । त्यसतर्फ केही कमी कमजोरी रहेकै हुन्। देशमा ठूलो राजनीतिक परिवर्तनका साथ केही महत्वपूर्ण उपलब्धि हासिल भएकोछ । तर आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा भने कमी कमजोरी रहन गए । गणतन्त्र दिवसका अवसरमा म प्रष्ट र ढुक्कसँग भन्न सक्छु कि समाजमा विद्यमान त्यस्ता कमी कमजोरीलाई सच्चाएर अब हामी अघि बढनुपर्छ।

**प्र. देश गणतन्त्रको अभ्यासमा छ, देशको आर्थिक सङ्कटसँग जोडेर सङ्घीयता खर्चिलो भयो भन्ने पाटोबाट कुरा उठाइएको छ, यसमा यहाँको धारणा के ?**

-हामीले स्थापना गरेको लोकतन्त्र भनेको समाजमा व्यक्ति भएका सबैखाले विचार सन्न सक्ने सुन्दर पक्ष हो । समाजमा आउने सबै विचारका बारेमा छलफल हुन्छ। छलफल हुनु राम्रो कुरा हो । विगतमा हामी कुन व्यवस्थाबाट गुज्रदै यहाँ आइपुगियो भन्ने हामीलाई राम्ररी थाहा छ । समाजमा विकृति र विसङ्गति छन्, त्यसलाई सच्याऔँ, सुधारौँ भन्दा सुरक्षा कानुन भोग्नु परेका हामी धेरै ज्यूँदैछौँ। प्रधानमन्त्री भारतमा जाँदा त्यहा बोलेका कुराका लागि काठमाडौमा पर्चा छर्दा राजकाज मुद्धा लागेर सात महिना कैद सजाय भोग्ने मानिस मै हुँ । अहिले हामीले त्यो प्रणाली परिवर्तन गरियो । पूर्ण लोकतन्त्रको आधार तयार गरिएको छ । अहिले यस्तो हुनुपर्छ भनेर आएको विषयलाई अचम्म मान्न हुन्न। त्यो छलफल र आएका विचार स्वस्थ्य र स्वच्छ भने हुनुपर्छ। त्यसले एउटा निष्कर्षमा पुऱ्याउँछ। सविधान बनाउने क्रममा सबैभन्दा बढी सङ्घीयताको विषयमा छलफल भएको हो । सङ्घीयता निर्विवाद होइन । व्यापक छलफलपछि टुङ्गोमा पुगिएको हो । त्यसैले छलफल हुनुलाई अन्यथा मान्न हुन्न। छलफल चल्छ। एउटा लोकतान्त्रिक विधि र प्रकृयाबाट टुङ्गोमा पुग्न पर्छ।

**प्र. १६ औँ गणतन्त्र दिवस मनाइरहँदा पश्चिम नेपालमा अभिनन्दनको घटनालाई कसरी हेर्नुभएको छ ?**

-एकदमै सामान्य टिप्पणी गर्न नपर्ने विषयका रूपमा लिन्छु । पूर्वराजालाई एउटा नागरिकको हैसियतले सम्मान नै गर्छु। अन्यथा टिप्पणी छैन। उहाँले बोल्न सक्नुहुन्छ। शान्तिपूर्ण ढङ्गले हिड्न सक्नुहुन्छ। संविधानबमोजिमका क्रियाकलाप त लोकतन्त्रको सुन्दर पक्ष नै हो। हामी निरङ्कुश परिस्थितिबाट अहिले फरक ठाँउमा आइसकेका छौँ । अहिले शान्तिपूर्ण ढङ्गले गणतन्त्र चाहिन्न पनि भन्न पाइन्छ । तर हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनाएका छौँ । कार्यान्वयन गर्दै यहाँ आइपुगेका छौँ । कार्यान्वयन गर्ने सन्दर्भमा पटकपटक निर्वाचनमा गएका छौँ । सबैखाले विचार बोकेका दल निर्वाचनमा गएका र प्राप्त परिणामलाई स्वभाविक रुपले लिइएको छ।

**प्र. गणतन्त्र दिवसका अवसरमा आम जनसमुदायलाई यहाँको केही सुझाव वा सन्देश छ कि ?**

-वर्तमान संविधानको आधारमा सार्वभौम सम्पन्न जनतालाई ध्यानमा राखेर हामीले अघि बढनुपर्छ । पुराना दलप्रति विभिन्न प्रश्न उठेका छन्। अहिलेको अवसर हाम्रा लागि अवसर हो । उठेका विषयलाई हामीले हेर्नुपर्छ, गम्भीरतापूर्वक लिनुपर्छ । गरिएका राम्रा विषय जनतामा लैजानुपर्छ । देखिएका कमी कमजोरीलाई हार्दिकतापूर्वक स्वीकार्न पर्छ । त्यसलाई सच्याउँदै अघि बढने प्रतिबद्धता व्यक्त गरेर व्यवहारमा उतार्दै अघि बढनुपर्छ। लोकतन्त्रमा यो हाम्रा लागि अवसर हो । अवसरलाई सदुपयोग गरियो, कमी कमजोरीलाई समयमै सच्याएमा अघि बढने प्रशस्त आधार हुन्छ । लोकतन्त्रमा व्यक्ति र दल परिवर्तन गर्न सकिन्छ। यो हामी र सवैका लागि राम्रो अवसर हो। रासस



साम्प्रदायिक कार्यकर्ताहरूले कीभमा रातभरको ड्रोन हमलापछि आंशिक रूपमा ध्वस्त भएको भवनको तल्लो भागमा धूलो र भग्नावशेषले ढाकिएका क्षतिग्रस्त कारहरू खाली गर्छन् । युक्रेनले मे ३०, २०२३ मा मुख्यतया कीभमा ३१ मध्ये २९ वटा ड्रोन खसालेको बताएको थियो । *तस्विर : एएफपी*

# चेन्नई आइपिएल च्याम्पियन

**एजेन्सी**

नयाँदिल्ली । रविन्द्र जडेजाले अन्तिम बलमा चौका प्रहार गरेपछि चेन्नई सुपरकिंग्सले आइपिएल २०२३ को उपाधि जितेको छ। मंगलबार विहान सकिएको खेलमा चेन्नईले गुजरात टाइटन्सलाई डिएलएस मेथडमा ५ विकेटले पराजित गर्दै उपाधि जितेको हो।



दशौं पटक आइपिएलको फाइनल खेलेको चेन्नईको यो पाँचौ उपाधि हो। अहमदावादमा वर्षाले प्रभावित भएको खेलमा चेन्नईले १५ ओभरमा १७१ रनको लक्ष्य पाएको थियो। जुन लक्ष्य चेन्नईले अन्तिम बलमा ५ विकेटको क्षतिमा पूरा गऱ्यो।

चेन्नईका लागि ओपनरद्वय ऋतुराज गायकवाडले १६ बलमा २६ रन र डेवन कनवेले २५ बलमा ४७ रन जोडे। अजिन्का राहाणे २७ रन, अम्बाती रायदु १९ र कप्तान महेन्द्रसिंह धोनी शून्यमा आउट भए। शिवम् दुवेले नटआउट ३२ रन र जडेजाले नटआउट १५ रन जोडे। अन्तिम ओभरमा जितका लागि १३ रन चाहिएको चेन्नईका लागि दुवे र जडेजाले चार बलसम्म ३ रन मात्र जोडेका थिए।

पाँचौ बलमा जडेजाले गुजरातका मोहित शर्मालाई छक्का प्रहार गरे। त्यसपछि जितका लागि अन्तिम बलमा चौका चाहिएको थियो जसमा जडेजाले चौका नै प्रहार गर्दै चेन्नईलाई च्याम्पियन बनाए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको गुजरातले २० ओभरमा ४ विकेटको क्षतिमा २१४ रन जोडेको थियो। उसका लागि साई सुदर्शनले ९६ रन जोडे। उनले ४७ बलमा ८ चौका र ६ छक्का हिर्काए। ऋद्धिमान साहले ५४ रन र शुभमन गिलले ३९ रन जोडे। बलिङमा चेन्नईका मथीशाले दुई विकेट लिए।

उपविजेतामै सीमित बनेको गुजरातका गिल प्लेयर अफ दि सिरिज भए। उनले प्रतियोगिताभरमा सर्वाधिक रन जोड्ने क्रममा ८९० रन जोडे।

# डुबेर छ जना र विद्युतीय धरापमा परेर तीन बालबालिकाको मृत्यु

**एएनआई**

काबुल । अफगानीस्तानको वार्दक प्रान्तमा विद्युतीय धरापमा परेर तीन जनो तथा छिमेकी मुलुक पाकिस्तानको सिन्ध प्रान्तमा पोखरीमा डुबेर छ जना बालबालिकाको मृत्यु भएको छ।

विगतको द्वन्द्वमा बिछ्याइएका विद्युतीय धरापमा परेर ती बालबालिकाको ज्यान गएको तालिवान नेतृत्वको सरकारका एक जना अधिकारीलाई उद्धृत गर्दै खामा प्रेसले जनाएको छ। एक जना बालक घाइते भएका छन् ।



अ प ० ग ा न ि स् त ा न म ा युद्धकालमा बिछ्याइएका विद्युतीय धराप पहिचान गरी तिनलाई निष्क्रिय तुल्याउन गत नोभेम्बरदेखि अष्ट्रेलिया, डेनमार्क, जर्मनी, जापान, स्वीडेन, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, राष्ट्रसङ्घीय मानवीय सहायता समन्वय कार्यालय, राष्ट्रसङ्घीय आपत्कालीन प्रतिकार्य कोष लागेका छन् । यसअघि अफगानिस्तानको नान्गाहार क्षेत्रमा पनि यस्तै घटनामा दुई दिदीबहिनीको मृत्यु भएको थियो । दक्षिणी प्रान्त कान्दाहारमा मे ९ मा भएको दोस्रो घटनामा एकै परिवारका तीन जना बालबालिकाले ज्यान गुमाएका थिए ।पाकिस्तानको सिन्धमा भएका दुई छुट्टाछुट्टै घटनामा दुई दाजुभाइसहित कम्तीमा छ बालबालिकाको पोखरीमा डुबेर मृत्यु भएको छ भने दुईजनालाई स्थानीय जनताले उद्धार गरेका छन् । खैरपुर जिल्लाको टाण्डो मस्ती खान क्षेत्र नजिक रहेको वारिस उजन गाउँको माछा पोखरीमा छ जना बालबालिका खेल्दै गर्दा एक बालक चिप्लिएर पोखरीमा खसेपछि साथीलाई बचाउने प्रयासमा पाँचै बालबालिकाले पानीमा हाम फालेका थिए । घटनामा दुई दिदीबहिनीसहित थप तीन बालबालिकाको मृत्यु भएको छ भने अन्य दुईलाई स्थानीयले उद्धार गरी गम्भीर अवस्थामा अस्पताल पुऱ्याएका थिए । पोखरीबाट तीन बालबालिकाको शव निकालिएको र चौथो शवको खोजी भइरहेको प्रहरीले जनाएको छ ।सिन्ध प्रान्तकै थारपार्कर जिल्लाको डिप्लो टाउन नजिकैको रानी भेरो गाउँमा यस्तै घटनामा दुई बालबालिकाको डुबेर मृत्यु भएको जियो न्यूजले जनाएको छ । पोखरी नजिक खेलिरहेका उनीहरू अचानक पानीमा खसेका थिए ।

# आइपिएल सिजन २०२४ खेल्ने धोनीको तयारी

एजेन्सी

नयाँदिल्ली । चेन्नई सुपर किंग्सको कप्तानको रूपमा पाँचौं आइपिएल उपाधि जितेपछि महेन्द्रसिंह धोनीले संन्यास लिने अपेक्षा गरिएको थियो। तर धोनीले अहिल्यै आफूले क्रिकेट करिअरको अन्त्य नगर्ने बताएका छन्।

मंगलबार विहान सकिएको आइपिएल फाइनलमा गुजरात टाइटन्समाथि ५ विकेटको जित निकालेपछि धोनीले शरीरले साथ दिए आफ्ना फ्यानका लागि कम्तिमा अर्को सिजन पनि आइपिएल खेल्ने बाचा गरे।

उपाधि जितेपछि संन्यास लिनु 'उत्तम समय' हुने बताए पनि धोनीले अहिले संन्यासको बरेमा नसोचेको बताए। उनले अर्को सिजन खेल्नका लागि शरीरलाई फिट राख्न कठिन हुने बताए। अर्को सिजन फिट भए उनी त्यो सिजन आफ्ना फ्यानलाई 'उपहार' दिन चाहन्छन्। आगामी जुलाईमा ४२ वर्ष पुग्ने धोनीले यस सिजन ७ र ८ नम्बरमा ब्याटिङ गरे। बायाँ घुँडाको चोट निको भएपछि मैदान फर्किएका उनले १२ इनिङ्समा १८२.४५ को स्ट्राइकमा ब्याटिङ गरे। सिजनमा कुल ५७ बल खेलेर १०४ रन बनाएका धोनीले १० छक्का प्रहार गर्दै आफ्ना फ्यानलाई मनोरञ्जन दिए।

धोनीले यस सिजनमा तुषार देशपाण्डे, शिवम दुबे र मथीशा पाथिराना जस्ता युवा खेलाडीलाई प्रोत्साहित गरे। उनीहरुले उत्कृष्ट प्रदर्शन गर्दा चेन्नई पाँचौ पटक आइपिएलको च्याम्पियन बन्यो।

गुजरात टाइटन्स विरुद्धको फाइनलपछिको धोनीले भने, ' यदि तपाईंले परिस्थिति हेर्नहुन्छ भने यो मेरो लागि संन्यासको घोषणा गर्ने उत्तम समय हो। तर यो वर्ष मैले जता खेले पनि धेरै माया र स्नेह देखाइएको छ। मेरो लागि सजिलो कुरा भनेको 'धेरै धेरै धन्यवाद' भन्नु हो। तर मेरो लागि गाह्रो कुरा अर्को सिजनका लागि कडा परिश्रम गर्नु हो। आइपिएलको कम्तिमा अर्को सिजन खेल्ने हो।

तर धेरै कुरा शरीरमा भर पर्छ, मसँग निर्णय गर्ने छ-सात महिना छ र यो मेरो तर्फबाट फ्यानहरूलाई उपहार जस्तो हुनेछ। मेरो लागि सजिलो छ तर जसरी उनीहरूले आफ्नो माया र स्नेह देखाएका छन्, त्यो मैले उनीहरूका लागि गर्नुपर्ने कुरा हो।'

धोनीले अघि भने, 'यो मेरो करियरको अन्तिम भाग हो भन्ने साधारण तथ्यले भावुक बनाउन सक्छ। मैले आईपीएल २०२३ को पहिलो खेल खेल्दा यो विषय सुरु भएको हो।

म भर्खर बाहिर निस्केको थिएँ र पूरा रंगशालामा मेरो नाम गुन्जिरहेको थियो। त्यतिबेला मेरा आँखा आँसुले भरिए र म त्यहाँ केही बेर डगआउटमा उभिएँ। चेन्नईमा पनि त्यस्तै थियो।'

# जापानको सन् २०३० सम्ममा गर्मीका कारण हुने मृत्यु आधा घटाउने लक्ष्य



**सिन्ह्वा**

टोकियो । जापान सरकारले मङ्गलबार पाँच वर्षे कार्ययोजना लागू गरेको छ । गर्मीका कारण विगत पाँच वर्षमा वार्षिक औसत १,२९५ को निधन हुने गरेकामा सन् २०३० सम्ममा त्यसता मृत्युको सट्या आधा घटाउने लक्ष्य राखिएको छ । मन्त्रिपरिषद्द्वारा स्वीकृत कार्ययोजनामा गर्मी स्ट्रोकसँग लड्नका लागि विभिन्न उपायहरू अवलम्वन गर्ने गरी कानून परिमार्जन गरिएको छ । योजना अन्तर्गत सरकारले वृद्धवृद्धाहरूलाई आवश्यक पर्दा एयर कन्डिसनर प्रयोग गर्न र अप्रिल र सेप्टेम्बरको बीचमा पर्याप्त पानी र नुनसेचन गर्न पनि आह्वान गर्ने योजनामा समावेश छ । त्यसैगरी अत्यधिक गर्मीयाममा वृद्ध र अपाङ्गता भएका व्यक्तिहरू लक्षियत विशेष योजना ल्याइने छ । विगत पाँच वर्षमा गर्मीका कारण हुने मृत्युमध्ये ८० प्रतिशतभन्दा बढी ६५ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरू हुने गरेको पाइएको छ । घरभित्रै मृत्यु भएकामध्ये करिब ९० प्रतिशतले एयर कन्डिसनर प्रयोग नगरेको वा घरमा वातानुकूलनको व्यवस्था नभएको पाइएको छ ।

सरकारले विद्यालयका कक्षाकोठा र जिममा एयर कन्डिसनर जडान गर्न र बालबालिकालाई स्कूल बसमा आवश्यक मापदण्ड नपुगी यसै छोड्न नदिन विभिन्न उपायहरू प्रवर्द्धन गर्न पनि सहयोग गर्ने बताएको छ ।

# जम्मु बस दुर्घटनामा दश जनाको मृत्यु, पचपन्न घाइते

**एएनआई**

जम्मु कश्मीर । जम्मू-श्रीनगर राष्ट्रिय राजमार्गमा आज बिहान एउटा बस गहिरो खाडलमा खस्दा कम्तीमा १० जनाको मृत्यु भएको छ भने करिब ५५ जना घाइते भएका छन् । शवहरू शल्य परीक्षणका निम्ति अस्पताल पठाइएका छन् ।

सरकारी अधिकारीहरूका अनुसार बस अमृतसरबाट कटरातर्फ गइरहेको थियो । घाइते सबै यात्रीलाई उद्धार गरिएको जम्मुका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) चन्दन कोहलीले बताएका छन् । त्यहाँ उद्धारका काम पनि पूरा भएको छ । सबै घाइतेलाई अस्पताल पुऱ्याइएको छ । उद्धारमा अर्धसैनिक टोली र राज्य विपद् प्रतिक्रिया विभागका कर्मचारीले प्रहरीलाई सघाएका थिए ।

बसले क्षमताभन्दा बढी यात्री बोकेको प्रहरीले बताएको छ।

# सहिद स्मारक ए डिभिजन लिग फुटबलमा जाउलाखेल विजयी

काठमाण्डु । सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत आजको खेलमा जावलाखेल युथ क्लब विजयी भएको छ । त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालामा भएको खेलमा जावलाखेलले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई २-० गोल अन्तरले पराजित गऱ्यो । जावलाखेलको जितमा एनकोटो मासोबीले दुई गोल गरे । उनले खेलको ५५ औं मिनेटमा गोल गर्दै जाउलाखेललाई पहिलो अग्रता दिलाए ।

त्यसपछि खेलको ७८ औं मिनेटमा मोसाबीले व्यक्तिगत दोस्रो गोल गर्दै जावलाखेललाई २-० को जित दिलाए । जावलाखेल २३ खेलमा ३७ अङ्क जोड्दै अङ्क तालिकाको दोस्रो स्थानमा उक्लिएको छ । समान खेल खेलेको आर्मी ३० अङ्कका साथ अङ्क तालिकाको पाँचौं स्थानमा रहेको छ । रासस

# मुम्बई आतङ्कवादी हमलाका सहयोगीको मृत्यु

**पिटिआई**

नयाँदिल्ली । सन् २००८ मा मुम्बईमा आतङ्कवादी हमला गर्न वित्तीय एवम् अन्य माध्यमबाट आतङ्कारीलाई सघाएका लस्कर ए तैबाका नेता अब्दुल सलाम भुटावीको मृत्यु भएको छ । पाकिस्तानको कारागारमा उनको मृत्यु भएको हो । सोमबार दिउँसो निजको हुदयाघातका कारण मृत्यु भएको बताइएको छ। सन् २०१२ मा राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले भुटावीलाई आतङ्कवादी घोषणा गरेको थियो ।

त्यसको केही वर्षपछि आतङ्कवादलाई प्रश्रय दिनका साथै आतङ्कवादीलाई वित्तीय सहयोग गरेको आरोपमा पाकिस्तानी प्रहरीले उनलाई पक्राउ गरेको थियो । अदालतले उनलाई दोषी ठहर गरेपछि उनी कारागारमा सजाय भोगिरहेका थिए ।

सन् २०२० को अगष्टमा उनलाई १६ वर्षको जेल सजाय सुनाइएको थियो । मङ्गलबार उनको लाहोरमा अन्त्येष्टि गरिएको लस्कर ए तैबाका सदस्य सार्वजनिक गरेको भिडियोमा दाबी गरिएको छ ।


**शारदा डिस्टिलरी प्रा.लि.**
**गोलबजार न.पा.–९ (सिरहा)**
**फोन नं.: ०३३–५५००३५, ५५००२७**

**मूल्य सूची**

**प्रकाशित मिति : २०८०।०२।१७**

यस उद्योगबाट उत्पादित ४० यू.पी. र ७० यू.पी. शक्तिको मदिरा आ.व. २०८०।२०८१ सालका लागि संसोधित मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोकबिक्रेता कमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेतामुल्य मु.अ.क. समेत | खुद्रा बिक्रेताकमिशन मू.अ.क. समेत | उपभोक्ता मुल्य मु.अ.क. समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | प्रति कार्टुन | प्रति बोतल |
| 1 | Touch gold premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8224.14<br>8224.14<br>8393.64 | 45.20<br>45.20<br>45.20 | 8269.34<br>8269.34<br>8438.84 | 135.60<br>135.60<br>135.60 | 8404.94<br>8404.94<br>8574.44 | 135.60<br>135.60<br>135.60 | 8540.54<br>8540.54<br>8710.04 | 259.90<br>259.90<br>259.90 | 8800.44<br>8800.44<br>8969.94 | 733.37<br>366.69<br>186.87 |
| 2 | Tofan ,major,shooter, Gaurav anguri, status, sahila, sharda dhudhiya, r/c premium O/c premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8224.14<br>8224.14<br>8393.64 | 45.20<br>45.20<br>45.20 | 8269.34<br>8269.34<br>8438.84 | 135.60<br>135.60<br>135.60 | 8404.94<br>8404.94<br>8574.44 | 135.60<br>135.60<br>135.60 | 8540.54<br>8540.54<br>8710.04 | 259.90<br>259.90<br>259.90 | 8800.44<br>8800.44<br>8969.94 | 733.37<br>366.69<br>186.87 |
| 3 | Red night premium,<br>Red night extra dry | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8563.14<br>8563.14<br>8676.14 | 45.20<br>45.20<br>45.20 | 8608.34<br>8608.34<br>8721.34 | 135.60<br>135.60<br>135.60 | 8743.94<br>8743.94<br>8856.94 | 135.60<br>135.60<br>135.60 | 8879.54<br>8879.54<br>8992.54 | 259.90<br>259.90<br>259.90 | 9139.44<br>9139.44<br>9252.44 | 761.62<br>380.81<br>192.76 |
| 4 | Royal touch premium<br>Extra dry | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8563.14<br>8563.14<br>8676.14 | 45.20<br>45.20<br>45.20 | 8608.34<br>8608.34<br>8721.34 | 135.60<br>135.60<br>135.60 | 8743.94<br>8743.94<br>8856.94 | 135.60<br>135.60<br>135.60 | 8879.54<br>8879.54<br>8992.54 | 259.90<br>259.90<br>259.90 | 9139.44<br>9139.44<br>9252.44 | 761.62<br>380.81<br>192.76 |
| 5 | Royal touch premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8563.14<br>8563.14<br>8676.14 | 45.20<br>45.20<br>45.20 | 8608.34<br>8608.34<br>8721.34 | 135.60<br>135.60<br>135.60 | 8743.94<br>8743.94<br>8856.94 | 135.60<br>135.60<br>135.60 | 8879.54<br>8879.54<br>8992.54 | 259.90<br>259.90<br>259.90 | 9139.44<br>9139.44<br>9252.44 | 761.62<br>380.81<br>192.76 |
| 6 | Gaurav suntala, Gaurav apple | 300 ml | 70 up | 1079.15 | 11.30 | 1090.45 | 33.90 | 1124.35 | 33.90 | 1158.25 | 135.60 | 1293.85 | 43.13 |
| 7 | Gaurav sophi, Gaurav milky dhudhiya | 300 ml | 70 up | 1045.25 | 11.30 | 1056.55 | 33.90 | 1090.45 | 33.90 | 1124.35 | 135.60 | 1259.95 | 42.00 |
| 8 | Mitju sophi | 300 ml | 70 up | 1045.25 | 11.30 | 1056.55 | 33.90 | 1090.45 | 33.90 | 1124.35 | 135.60 | 1259.95 | 42.00 |
| 9 | Mitju special | 300 ml | 70 up | 1045.25 | 11.30 | 1056.55 | 33.90 | 1090.45 | 33.90 | 1124.35 | 135.60 | 1259.95 | 42.00 |
| 10 | Gaurav special | 300 ml | 70 up | 1073.50 | 11.30 | 1084.80 | 33.90 | 1118.70 | 33.90 | 1152.60 | 135.60 | 1288.20 | 42.94 |

**नोट: ढुवानी खर्च वाहेक**

# कुन–कुन वस्तु र सेवामा भए करका दर हेरफेर ?

काठमाण्डु । सरकारले सोमबार सङ्घीय संसद्मा प्रस्तुत गरेको आर्थिक विधेयकमार्फत विभिन्न वस्तु तथा सेवामा लाग्दै आएको करका दरमा हेरफेर गरेको छ । भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर (भ्याट), शिक्षा सेवा करलगायतमा हेरफेर गरिएको हो ।

आर्थिक विधेयकले भ्याट र अन्तःशुल्कमा दिँइदै आएको अधिकांश छुट कटौती गरेको छ । भ्याटका एक सय ७० र अन्तःशुल्कका तीन सय ४० छुटका दरहरू खारेज गरिएका छन् । आयकरतर्फ वार्षिक रु ५० लाखभन्दा बढीको आयमा लाग्ने आयकर बढाइएको छ । पाँचतारे क्षमताभन्दा माथिका होटल, विदेशी मदिरा र १० लाखभन्दा माथिको गरगहनामा विलासिता कर लगाइएको छ । विदेश पढ्न जाने विद्यार्थीले सटही सुविधा लिंदा तीन प्रतिशत सेवा शुल्क तिर्ने र वैदेशिक रोजगारीमा जानेले एक प्रतिशत सेवाशुल्क तिर्ने व्यवस्था ल्याइएको छ ।



**अन्तःशुल्कतर्फ :**

सरकारले अन्तःशुल्कतर्फ मदिरा, पत्रु खाना (जङ्कफुड)देखि विद्युतीय सवारी साधनसम्ममा करका दर हेरफेर गरेको छ । आर्थिक विधेयकअनुसार उखुको खुदोको अन्तःशुल्क प्रतिक्विन्टर ९६ बाट बढाएर प्रतिक्विन्टर रु एक सय पाँच बनाइएको छ । सख्खर (गुँड र भेलीसमेत), गुँडगट्टाको अन्तःशुल्क पनि प्रतिक्विन्टर रु एक सय पाँच पुऱ्याइएको छ ।

अन्डा मिसाइएका स्पागेटी, म्याक्रोनी, नुडल्स, लसान्या, नोकी, राभिओली, कुकु (उत्तर अफ्रिकी खाद्य पदार्थ) पास्तालगायतका वस्तुमा प्रतिकिलो रु १७ अन्तःशुल्क लाग्ने गरेकामा बढाएर प्रतिकिलो रु २० पुऱ्याइएको छ । कुरकुरे, कुरमुरे, लेज, चिजबल प्रतिकिलो रु १७ अन्तःशुल्क रहेकामा त्यसलाई बढाएर प्रतिकिलो रु २० पुऱ्याइएको छ । आलु चिप्स प्रतिकिलो रु १७ अन्तःशुल्क लाग्ने गरेकामा रु एक बढाएर रु १८ पुऱ्याइएको छ । सुन्तलाको रस (फ्रोजेन अरेन्ज जुस), भोगटेको रस, भुइँकटहरको रस, गोलभैंडाको रस (टमाटो जुस), अङ्गुरको रस, स्याउको रस, आँपको रस, क्यानबेरी जुस, म्याक्रोकार्पन जुसलगायत वस्तुमा प्रतिलिटर रु ११ बाट बढाएर रु १३ पुऱ्याइएको छ । सुर्तीरहित पान मसला प्रतिकिलो आठ सय २१ बाट बढाएर आठ सय ५० पुऱ्याइएको छ । त्यस्तै, सुर्तीरहित सुगन्धित सुपारी (गुटखा) को अन्तःशुल्क प्रतिकिलो रु तीन सय ५० बाट बढाएर रू तीन सय ६५ पुऱ्याइएको छ । अल्कोहलरहित बियर प्रतिलिटर ३० बाट बढाएर प्रतिलिटर ३५ र जौबाट बनेको वियर प्रतिलिटर रु दुई सय २८ बाट बढाएर रु दुई सय ३५ पुऱ्याइएको छ ।

एक्स्ट्रा न्युट्रल अल्कोहल (इएनए) प्रतिलिटर रु ८६ बाट बढाएर प्रतिलिटर रु ९० पुऱ्याइएको छ । ८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको डिनेचर्ड स्प्रिटमा प्रतिलिटर रु ३० अन्तःशुल्क लाग्ने गरेकामा रु ३५ पुऱ्याइएको छ । वाइन र ब्रान्डीको कच्चा पदार्थका रूपमा प्रयोग हुने सबै प्रकारका स्प्रिटहरूको अन्तःशुल्क प्रतिलिटर रु दुई सय २८ बाट बढाएर रु दुई सय ३५ पुऱ्याइएको छ । १५ यु.पी शक्तिको (४८ दशमलव पाँच प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरामा प्रतिलिटर रु एक हजार सात सय ५० बाट रु एक हजार आठ सय पुऱ्याइएको छ ।

त्यस्तै, ३० युपी शक्ति (३९ दशमलव ९४ प्रतिशत अल्कोहल भएको) तयारी मदिरामा प्रतिलिटर रु एक हजार दुई सय १५ बराबर अन्तःशुल्क लाग्ने गरेको थियो । त्यसलाई बढाएर प्रतिलिटर रु ३५ बढाएर रु एक हजार दुई सय ५० पुऱ्याइएको छ । ह्विस्कीको कच्चा पदार्थका रूपमा प्रयोग हुने स्प्रिटमा प्रतिलिटर रु दुई सय २८ बराबर अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर प्रतिलिटर रु दुई सय ३५ पुऱ्याइएको छ ।

त्यस्तै, रम र अन्य स्प्रिटहरूको कच्चा पदार्थका रूपमा प्रयोग हुने उखुको उत्पादनका स्प्रिटमा पनि प्रतिलिटर रु दुई सय २८ बाट बढाएर रु दुई सय ३५ पुऱ्याइएको छ । १५ युपी शक्तिको ह्विस्की (४८ दशमलव पाँच प्रतिशत) अल्कोहल मात्रा भएकोलाई प्रतिलिटर रु एक हजार सात सय ५० बराबर अन्तःशुल्क लाग्ने गरेकामा बढाएर रु एक हजार आठ सय पुऱ्याइएको छ । त्यस्तै, २५ युपी शक्ति (४२ दशमलव ८ प्रतिशत अल्कोहल) भएको ह्विस्कीमा प्रतिलिटर एक हजार तीन सय ६ बराबर अन्तःशुल्क लाग्ने गरेको त्यसलाई बढाएर रु एक हजार तीन सय ४५ पुऱ्याइएको छ । ३९ दशमलव ९४ प्रतिशत अल्कोहल भएको ह्विस्कीमा प्रतिलिटर रु एक हजार दुई सय १५ अन्तःशुल्क लाग्ने गरेकामा बढाएर रु एक हजार दुई सय ५० पुऱ्याइएको छ ।

जिन र जेनेभाको कच्चा पदार्थका रूपमा प्रयोग हुने स्प्रिटमा प्रतिलिटर रु दुई सय २८ बराबर अन्तःशुल्क लाग्ने गरेकामा बढाएर प्रतिलिटर रु दुई सय ३५ पुऱ्याइएको छ । ४८ दशमलव पाँच प्रतिशत अल्कोहल भएको जिनमा प्रतिलिटर एक हजार सात सय ५० बराबर अन्तःशुल्क लाग्ने गरेकामा प्रतिलिटर रु ५० बढाएर रु एक हजार आठ सय पुऱ्याइएको छ ।

त्यस्तै, ४२ दशमलव ८ प्रतिशत अल्कोहल भएको जिनमा प्रतिलिटर रु एक हजार तीन सय छ बाट बढाएर रु एक हजार तीन सय ४५ पुऱ्याइएको छ । ३९ दशमलव ९४ प्रतिशत अल्कोहल भएको जिनमा प्रतिलिटर रु एक हजार दुई सय १५ बाट बढेर रु एक हजार दुई सय ५० पुऱ्याइएको छ ।

फिल्टर नभएको सुर्तीको चुरोटमा प्रतिएम रु सात सय १० अन्तःशुल्क रहेकामा त्यसलाई रु सात सय ३० पुऱ्याइएको छ । ७० मिमीसम्मको लम्बाइ भएको चुरोटमा एम एक हजार छ सय २५ बाट बढाएर रु एक हजार छ सय ९० पुऱ्याइएको छ । ७० देखि ७५ मिमीसम्म लम्बाइ भएकामा प्रति एम रु दुई हजार तीन सय, ७५ देखि ८५ मिमीसम्मकामा प्रतिएम रु दुई हजार नौ सय ७० अन्तःशुल्क तोकिएको छ ।

जर्दा, खैनी, नस, गुटखा र निकोटिनयुक्त पान मसला तथा सुर्ती मिश्रित तयारी वस्तुमा प्रतिकिलो रु आठ सय २१ अन्तःशुल्क लाग्ने गरेकामा त्यो बढेर प्रतिकिलो रु आठ सय ५० पुऱ्याइएको छ । मार्बल, ट्राभर टिन, इकोजिन र अन्य चुनद्वारा स्मारक वा भवन बनाउन प्रयोग हुने ढुङ्गामा पाँच प्रतिशत अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर १५ प्रतिशत पुऱ्याइएको छ ।

विद्युतीय सवारी साधनको अन्तःशुल्कमा पनि सरकारले हेरफेर गरेको छ । ‘स्पार्क इग्निसन इन्टरनल कम्बसन पिस्टोन इन्जिन’ र धक्का दिन विद्युतीय मोटर दुवै भएको, विद्युत् शक्तिको बाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेक अनएसेन्बल अवस्थाका सवारीको अन्तःशुल्क ४५ प्रतिशतबाट ६० पुऱ्याइएको छ । मोटरको पिक पावर ५० किलोवाटभन्दा बढी तर एक सय किलोवाट ननाघेको कार, जिप र भ्यानको अन्तःशुल्क ३० बाट घटाएर १० प्रतिशत पुऱ्याइएको छ ।त्यस्तै, मोटर पिकपावर सय किलोवाटभन्दा बढी तर दुई सय किलोवाटभन्दा कम क्षमताका विद्युतीय कार, जिप र भ्यानको ४५ बाट घटाएर २० प्रतिशत बनाइएको छ । मोटरको पिक पावर तीन सय किलोवाटभन्दा माथिको कार, जिप र भ्यानको ६० प्रतिशत रहेकामा यथावत् राखिएको छ ।

मोटरसाइकलहरू (मोपेडसहित) र साइड काररहित वा सहित साइकलमा सहायक मोटर जडान गरिएका साइड कार हरूमा दुई सयदेखि दुई सय ५० सिसी क्षमतासम्मका लागि ८० प्रतिशत अन्तःशुल्क लाग्ने गरेकामा घटाएर ६० प्रतिशत बनाइएको छ । दुई सय ५० सिसीभन्दा बढी र चार सय सिसीसम्मको मोटरसाइकल तथा स्कुटरमा सडक निर्माण दस्तुर पनि घटाइएको छ । यस्तो मोटरसाइकलमा प्रतिगोटा रु ५० हजार सडक निर्माण दस्तुर लाग्ने गरेकामा रु २० हजारमा झारिएको छ ।

**आयकरतर्फ :**

विसं २०८५ चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएको ४० मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत् आयोजना र ती आयोजनासँग तादम्यता राखी सञ्चालन गरिने तल्लो तटीय जलविद्युत् आयोजनाको हकमा पहिलो १५ वर्षसम्म पूरै र त्यसपछिको छ वर्षसम्म ५० प्रतिशत आयकर छुट पाउने व्यवस्था आर्थिक विधेयकमा राखिएको छ ।

बिजनेस प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङलगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सोवापत विदेशी मुद्रा मंगलबार्िन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४/८५ सम्म विदेशी मुद्रा मंगलबार्िन गरेको आयको हदसम्म लाग्ने करमा ५० प्रतिशत छुट दिने व्यवस्था राखिएको छ ।

यसअघि वार्षिक रु २० लाखभन्दा माथिको आयमा ३६ प्रतिशत आयकर लाग्ने व्यवस्था थियो । यसवर्षको आर्थिक विधेयकमार्फत सरकारले ५० लाखभन्दा माथिको वार्षिक आयमा थप तीन प्रतिशत आयकर लाग्ने व्यवस्था ल्याएको छ ।

**भन्सार करतर्फ :**

ठोस रूपमा उखु र चुकन्दरबाट बनाइएको चिनी, सख्खर, गुँड, भेल, खाँडसारी चिनी, मिश्री, सुगर क्युबको भन्सार ३० प्रतिशतमा झारिएको छ । यी वस्तुमा १० प्रतिशत विन्दुले भन्सार कर घटाइएको हो । जाइफल, जाइपत्री, अलैँची, सुकुमेलमा १० प्रतिशत भन्सार लाग्दै आएकामा त्यसलाई बढाएर २० प्रतिशत बनाइएको छ । साबुदानामा यसअघि पाँच प्रतिशत भन्सार लाग्ने गरेकामा बढाएर १० प्रतिशत बनाइएको छ ।लिक्विट प्याराफिन आयलमा लाग्ने भन्सार तीस प्रतिशतबाट २० प्रतिशत झारिएको छ । पत्रु फलाममा १४ मिमीभन्दा कम नापको ब्यास भएको वृत्ताकार तिर्यकच्छेद (क्रस सेक्सन) को ८ मिमी ननाघेको भन्सार १० प्रतिशत रहेकामा घटाएर पाँच प्रतिशत बनाइएको छ ।

**बिलासिता शुल्क कर :**

सरकारले पाँचतारे माथिका ठूला होटल, आयातीत मदिरा र बहुमूल्य धातुको बिक्री वितरणमा दुई प्रतिशत बिलासिता शुल्क लगाएको छ । पाँचतारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातीत मदिरा, रु दश लाखभन्दा बढीका हिरा, मोती, पत्थर जडित सुनलगायत बहुमूल्य धातुका गहनामा दुई प्रतिशत विलासिता कर लगाइएको हो ।

पाँचतारे र सोभन्दा माथिका होटल तथा लक्जरी रिसोर्टले सेवा प्रदान गरेको बखत नै विलासिता कर लगाउनेछन् । त्यस्तै, आयातीत मदिरामा पैठारी हुने भन्सार विन्दुमा पैठारीका बखत विलासिता कर लाग्नेछ । रु १० लाखभन्दा माथिका पत्थर जडित धातुका गहना बिक्री गर्दा बिक्रेताले बिक्रीका बखत यस्तो कर लगाउनेछन् ।

विलासिता करबापत सङ्कलन गरेको रकम हरेक महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरणसहितको जानकारी सम्बन्धित राजस्व कार्यालयलाई पठाउनुपर्नेछ । कुनै व्यक्तिले विलासिता शुल्कबापतको रकम दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लगाई असुल गरिने व्यवस्था आर्थिक विधेयकमा राखिएको छ ।

त्यस्तै, विलासिता करसम्बन्धी विवरण पेस नगरेमा त्यस्तो व्यक्तिलाई विवरण पेस गर्नुपर्ने मितिबाट विवरण दाखिला नभएको मितिसम्म वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुन आउने रकम शुल्क लाग्नेछ । विलासिता शुल्कबापतको रकम असुल नगरेमा सो रकमको २५ प्रतिशत शुल्क लाग्ने आर्थिक विधेयकमा उल्लेख छ ।

विदेशबाट ल्याइएका मोबाइल फोनमा कर नयाँ व्यवस्थाअनुसार विदेशबाट ल्याइएका आइफोन र एक लाखभन्दा माथिका मोबाइल फोनमा रु १० हजार कर लाग्ने भएको छ । अन्य स्मार्टफोनमा रु तीन हजार र स्मार्टफोन बाहेकका अन्य मोबाइलमा रु दुई सय कर लाग्ने व्यवस्था सरकारले ल्याएको छ । २०८० साल जेठ १५ गतेसम्म प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमइस) प्रणालीमा दर्ता नभएका मोबाइल फोन सम्बन्धित प्रयोगकर्ताले फोनसेटको आइआएमइआई नम्बरसमेत उल्लेख गरी एकमुष्ट महसुलबापत यस्तो कर बुझाउनुपर्नेछ ।

“आइफोन र रु एक लाखभन्दा बढी मूल्यका लागि प्रतिसेट रू १० हजार, अन्य स्मार्टफोनका लागि रु तीन हजार र स्मार्ट मोबाइल फोनसेट बाहेकका अन्य साधारण मोबाइल फोनसेटका लागि प्रतिफोनसेट रु दुई सय कर लाग्नेछ”, आर्थिक विधेयक २०८० मा भनिएको छ । तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई छ महिनाभन्दा बढी अवधि विदेशमा बसेर फर्केका नागरिकले सोको प्रमाण पेस गरेमा त्यस्ता व्यक्तिले प्रयोग गरेमा एक थान मोबाइल फोन दूरसञ्चार प्राधिकरणले निःशुल्क दर्ता हुनेछ ।

वैदेशिक रोजगारीमा जानेलाई एक प्रतिशत सेवा शूल्य सरकारले वैदेशिक रोजगारीमा जानेहरूलाई एक प्रतिशत सेवा शुल्क लगाएको छ । “वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नुपर्नेछ”, आर्थिक विधेयकमा भनिएको छ ।

त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिने आर्थिक विधेयकमा उल्लेख छ । यस्तो सेवा शुल्क वैदेशिक रोजगार व्यवसायीले हरेक महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाइ सक्नुपर्नेछ । यस्तो शुल्क दाखिल नगरेमा १५ प्रतिशतका दरले ब्याज लगाई असुल गरिने आर्थिक विधेयकमा उल्लेख छ ।

**सटही सुविधामा कर बढ्यो :**

विदेशमा अध्ययन गर्न जाने विद्यार्थीले नेपालमा विदेशी मुद्रा सहटी गर्दा लाग्ने कर बढेको छ । विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शूल्कबापत विदेशी सटही सुविधा दिँदा त्यस्तो सटही सटही रकममा लाग्ने शिक्षा सेवा शुल्क तीन प्रतिशत पुऱ्याइएको छ । यसअघि दुई प्रतिशत रहेकामा एक प्रतिशत विन्दुले बढाएर तीन प्रतिशत पुऱ्याइएको हो ।

**निर्यातमा छुट :**

मुलुकमा आत्मनिर्भर भएका औद्योगिक वस्तुको स्वदेशी उत्पादनलाई संरक्षण गर्न भन्दै सरकारले केही वस्तुको आयातमा लाग्ने महसुल वृद्धि गरेको छ भने निर्यातमा लाग्ने भन्सारमा छुट दिएको छ ।

स्वदेशी उद्योगको उत्पादन प्रवर्द्धन गर्न २०८० साउन १ गतेपछि सम्झौता हुने आयोजनाका लागि आवश्यक पर्ने सिमेन्ट, फलामे डन्डी, फलामे पाइप तथा प्लास्टिकका पाइप, जस्तापाता, विद्युतीय केवल जस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको पैठारीमा लाग्ने महसुल छुट दिने गरी सम्झौता नगरिने पनि सरकारले बजेटमार्फत घोषणा गरेको छ । रासस

# बजेटप्रति उद्योगी व्यापारीको मिश्रित प्रतिक्रिया

विराटनगर । अर्थमन्त्री डा प्रकाशशरण महतले सोमबार सार्वजनिक गर्नुभएको वार्षिक बजेटप्रति विराटनगरका उद्योगी एवम् व्यापारीले मिश्रित प्रतिक्रिया दिएका छन् ।

मोरङ व्यापार सङ्घको कार्यालयमा उद्योगी एवम् व्यापारीहरूले सञ्चारकर्मी सामु बजेट भाषणको अन्त्यमा मिश्रित प्रतिक्रिया दिएका थिए ।

आव २०८०/८१ का लागि रु १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट विगतको भन्दा केही कम भए पनि बजेटले धेरै क्षेत्रमा सकारात्मक प्रभाव पार्ने जनाइएको थियो ।

मल कारखाना खोल्न विस्तृत योजना प्रतिवेदन तयार गर्ने, सङ्घीय कृषि ऐन निर्माण तर्जुमा गरिनेजस्ता विषय बजेटमा समेटिएकाले कृषिका आधुनिकीकरण र उत्पादकत्व वृद्धिमा सहयोग पुग्ने विश्वास गरिएको थियो ।

छत्तीस वस्तुको निर्यातमा अनुदान दिने, विराटनगर विमानस्थललाई क्षेत्रीय स्तरमा विकास गर्ने, ३० प्रतिशत उत्पादन निर्यात गर्ने उद्योगलाई विशेष आर्थिक क्षेत्र (सेज)मा जग्गा उपलब्ध गराउनेलगायत घोषणाले उद्योगी व्यापारीहरूले यो सकारात्मक पक्ष रहेको उल्लेख गरेका थिए ।

विराटनगरको बैजनाथपुर स्थित गिरिजाप्रसाद कोइराला क्रिकेट अन्तरराष्ट्रिय खेलमैदान निर्माण गर्न बजेटको व्यवस्था हुनु खेलकुद क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने अपेक्षा गरिएको थियो ।

यस्तै निर्यात गर्ने सूचना प्रविधि क्षेत्रले आम्दानीको १० प्रतिशत सटहीको सुविधा पाउने, स्टार्ट अप प्रवर्द्धनका लागि रु एक अर्ब २५ करोड बजेट छुट्याउनाले सूचना प्रविधि क्षेत्रले ठूलो फड्को मार्नाका साथै यस क्षेत्रमा रोजगारी सिर्जना हुने पनि जनाइएको थियो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले विदेशी लगानी भित्र्याउन लगानी सम्मेलन गरिने, नयाँ कम्पनी दर्तामा कुनै शुल्क नलिइने, ढुङ्गा, गिट्टी निर्यात गर्न दिइने बजेटको नीति अत्यन्त सकारात्मक पक्ष रहेको बताउनुभयो ।

उहाँले विराटनगरको चक्रपथ र विशेष आर्थिक क्षेत्र तथा प्रदर्शनीस्थल निर्माणका लागि बजेटमा उल्लेख नहुन दुःखद भए पनि विराटनगर भन्सार क्षेत्रमा पार्किङ र गोदाम घर निर्माण गर्ने कुरा सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो ।

मोरङ व्यापार सङ्घका अध्यक्ष नवीन रिजालले प्रस्तुत बजेट सही ढङ्गले कार्यान्वयन भएमा मुलुकको आर्थिक क्षेत्र चलायमान हुने धारणा व्यक्त गर्नुभयो । उहाँले आयातलाई खुकुलो बनाउनु, नयाँ गाडी खरिद नगर्नु, पुराना सवारी साधन बिक्री गर्नु, विभिन्न किसिमका भत्ता केही समयका लागि बन्द गर्नु, नयाँ कर्मचारीहरू नियुक्त नगर्नु र उद्योगी एवम् व्यापारीका सुझाव कार्यान्वयन हुनु खुसीको कुरा भएको बताउनुभयो ।

मोरङ व्यापार सङ्घका पूर्वअध्यक्ष एवम् उद्यमी महेश जाजुले सबै कुरालाई समेट्ने गरी बजेट आएको बताउँदै मुलुकमा विदेशी मुद्रा सञ्चिति वृद्धिका कारण आगामी दिनमा देशको अर्थतन्त्रलाई आगाडि बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले सरकारले कित्ताकाट फुकुवा गर्नाले आर्थिक कारोबारमा निकै बढोत्तरी हुने विश्वास व्यक्त गर्नुभयो ।

अर्का पूर्वअध्यक्ष पवन शारदाले निजी क्षेत्रको राजस्वमा र रोजगारमा ८० प्रतिशत योगदान रहे पनि निजी क्षेत्रलाई बजेटबाट सेवा र सुविधा प्राप्त नभएको गुनासो गर्नुभयो ।

पर्यटन व्यवसायी भविष श्रेष्ठले प्रस्तुत बजेटमा धार्मिक तथा सांस्कृतिक एवम् पर्यटन क्षेत्रका पूर्वाधार निर्माण र विकासको घोषणाबाट छिमेकी देशका धार्मिक पर्यटकहरूको आगमन वृद्धि हुने विचार व्यक्त गर्नुभयो । रासस

# विदेशबाट ल्याएका आइफोन र एक लाखमाथिका मोबाइलमा दश हजार कर

काठमाण्डु । विदेशबाट ल्याइएका आइफोन र एक लाख माथिका मोबाइल फोनमा रू दश हजार कर लाग्ने भएको छ । अन्य स्मार्टफोनमा रू तीन हजार र स्मार्टफोन बाहेकका अन्य मोबाइलमा रू दुई सय कर लाग्ने व्यवस्था सरकारले ल्याएको छ ।

विसं २०८० जेठ १५ गतेसम्म प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमइस) प्रणालीमा दर्ता नभएका मोबाइल फोन सम्बन्धित प्रयोगकर्ताले फोनसेटको आइआएमईआई नम्बरसमेत उल्लेख गरी एकमुष्ट महसुलबापत यस्तो कर बुझाउनुपर्नेछ ।

“आइफोन र रू एक लाखभन्दा बढी मूल्यका लागि प्रतिसेट रू दश हजार, अन्य स्मार्टफोनका लागि रू तीन हजार र स्मार्ट मोबाइल फोनसेट बाहेकका अन्य साधारण मोबाइल फोनसेटका लागि प्रति फोनसेट रू दुई सय कर लाग्नेछ”, आर्थिक विधेयक २०८० मा भनिएको छ । तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई छ महिनाभन्दा बढी अवधि विदेशमा बसेर फर्केका नागरिकले सोको प्रमाण पेस गरेमा त्यस्ता व्यक्तिले प्रयोग गरेमा एक थान मोबाइल फोन दूरसञ्चार प्राधिकरणले निःशुल्क दर्ता हुनेछ ।

त्यस्तै, सरकारले वैदेशिक रोजगारीमा जानेलाई एक प्रतिशत सेवा शूल्क लगाएको छ । “वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नुपर्नेछ”, आर्थिक विधेयकमा भनिएको छ ।

त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिने आर्थिक विधेयकमा उल्लेख छ । यस्तो सेवा शुल्क वैदेशिक रोजगार व्यवसायीले हरेक महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाइ सक्नुपर्नेछ । यस्तो शुल्क दाखिल नगरेमा १५ प्रतिशतका दरले ब्याज लगाई असुल गरिने आर्थिक विधेयकमा उल्लेख छ । रासस


**शारदा डिस्टिलरी प्रा.लि.**

**गोलबजार न.पा.–९ (सिरहा)**

**फोन नं.: ०३३–५५००३५, ५५००२७**

**मूल्य सूची**

**प्रकाशित मिति : २०८०।०२।१७**

यस उद्योगबाट उत्पादित ५० यू.पी. शक्तिको मदिरा आ.व. २०८०/२०८१ सालका लागि संसोधित मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोक बिक्रेता कमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेतामूल्य म.अ.क. समेत | खुद्रा बिक्रेता कमिशन मू.अ.क. समेत | उपभोक्ता मूल्य मू.अ.क. समेत: प्रति कार्टुन | उपभोक्ता मूल्य मू.अ.क. समेत: प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sahasi premium | 180 ml | 50 up | 6115.56 | 45.20 | 6160.76 | 135.60 | 6296.36 | 135.60 | 6431.96 | 216.96 | 6648.92 | 138.52 |
| 2 | Sahasi Dudhiya | 180 ml | 50 up | 6115.56 | 45.20 | 6160.76 | 135.60 | 6296.36 | 135.60 | 6431.96 | 216.96 | 6648.92 | 138.52 |
| 3 | Sahasi Extradry | 180 ml | 50 up | 6115.56 | 45.20 | 6160.76 | 135.60 | 6296.36 | 135.60 | 6431.96 | 216.96 | 6648.92 | 138.52 |
| 4 | Chansller premium | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 5 | Chansller Dudhiya | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 6 | Chansller Extradry | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 7 | Sahasi premium extradry | 180 ml | 50 up | 6115.56 | 45.20 | 6160.76 | 135.60 | 6296.36 | 135.60 | 6431.96 | 216.96 | 6648.92 | 138.52 |
| 8 | Chansller premium Extradry | 180 ml | 50 up | 5945.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 9 | Fauji Extra fine | 180 ml | 50 up | 6115.56 | 45.20 | 6160.76 | 135.60 | 6296.36 | 135.60 | 6431.96 | 216.96 | 6648.92 | 138.52 |
| 10 | Jameen xxx | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 11 | Jameen premium Extradry | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 12 | Jameen Dudhiya best quality | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 13 | Surahi xxx | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 14 | Surahi dudhiya best quality | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 15 | Surahi premium extradey | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 16 | Chanller black label | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 17 | Chansller | 180 ml | 50 up | 5946.06 | 45.20 | 5991.26 | 135.60 | 6126.86 | 135.60 | 6262.46 | 216.96 | 6479.42 | 134.99 |
| 18 | Sahasi apple | 180 ml | 50 up | 6115.56 | 45.20 | 6160.76 | 135.60 | 6296.36 | 135.60 | 6431.96 | 216.96 | 6648.92 | 138.52 |

**नोटः ढुवानी खर्च वाहेक**

**रेक्टिफाइड स्प्रीट (अन्तःशुल्क र मु.अ.कर बाहेकको : १००।०० डिनेचर्ड स्प्रीटः २५।००**

# करोडौं रकम अनियमितता गरेको आरोपमा अख्तियारद्वारा मुद्दा दायर

**टुडे समाचारदाता**

वीरगञ्ज । ४ करोड भन्दाबढी अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुणस्तर तथा नापतौल कार्यालय पर्साका तत्कालीन अधिकृत शशिभूषण यादव विरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दर्ता गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले गुणस्तर तथा नापतौल कार्यालय पर्साका तत्कालीन वरिष्ठ गुणस्तर अधिकृत यादवविरुद्ध मुद्दा दर्ता गरेको छ।




गुणस्तर तथा नापतौल कार्यालय, वीरगञ्जमा कार्यरत वरिष्ठ निरीक्षक शशिभूषण कुमार यादवले नोकरी अवधिभर विभिन्न कार्यालयमा कार्यरत रहँदा आफ्नो परिवारको नाममा जग्गा जमिन खरिद गरी गैररकानुनी रुपमा अकुत सम्पत्ति आर्जन गरेको भन्ने उजुरीको आधारमा छानबिन गर्दा यादवले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४६ जेठ ८ गते देखि २०७९ साल असार मसान्तसम्मको अवधिमा उनको समग्र आयव्ययको विश्लेषण गर्दा खर्च तथा लगानीतर्फ उनी र उनका एकासंगोलका परिवारको नाममा जग्गा खरिद, घर निर्माण, सवारी साधन खरिद, बीमाको प्रिमियम भुक्तानी, शेयर खरिद, अध्ययन खर्च, विदेश भ्रमण, ऋण/सापटीको साँवा व्याज भुक्तानी, पारिवारिक घर खर्च, विभिन्न शीर्षकमा राजस्व/कर तिरेको र बैङ्क मौज्दातसमेत गरी जम्मा रु.७ करोड २४ लाख ५६ हजार २ सय ६३ रुपैयाँ आर्जन गरेको भेटिएको र उनले आर्जन गरेको सम्पत्तिलाई छानविन गर्दा ४ करोड ४७ लाख रुपैयाँ बढी देखिएपछि उनी र उनको परिवारको नाममा रहेको सम्पत्तिलाई अवैध ठहर गरी मुद्दा दर्ता गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालले बताए।

प्रवक्ता दाहालका अनुसार यादवले गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा ४ करोड ४७ लाख ३४ हजार २ सय १२ रुपैयाँ बिगो र सोही रकमको जरिवाना तथा कैद सजाय माग दाबीसहित मुद्दा दायर गरिएको जानकारी दिए।

यादवले सार्वजनिक पदमा रहँदा अख्तियारीको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जेको अख्तियारले अदालतमा दायर गरेको आरोप पत्रमा उल्लेख छ।

# बालबालिका ऐन संशोधनको तयारी

**कमलेश ठाकुर**

जनकपुरधाम । मधेश प्रदेश सरकारले बालबालिकाको हक अधिकारको सम्बन्धका व्यवस्था गर्न बनेको ऐन २०७५ संशोधन गर्ने तयारी गरेको छ।

मंगलबार प्रदेशसभामा संशोधनको लागि शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले उक्त संशोधनका लागि पेश गरेका छन्।

मन्त्री यादवको प्रस्ताव सर्वसहमतबाट स्वीकृत भएको सभामुख रामचन्द्र मण्डलले घोषणा गरे। सो ऐन प्रदेशसभाबाट पारित भइ काम कारबाही भइरहेको मन्त्री यादवले बताए। तर संस्थागत र संरचनामा परिर्वतन आएको हुनाले काम कारवाहीमा समस्या उत्पन्न भएपछि संशोधन पेश गरिएको उनले बताए।





संसदमा मन्त्री यादवले ऐनको कतिपय दफा उपदफा थप घट गर्नुपर्ने बताए पनि जनकपुर टुडेकर्मीसँग नाम मात्रै संशोधन गर्ने जिकिर गरे। नियामावली र कार्यविधिहरुमा तत्कालीन मन्त्रालयकै नाम भएको हुनाले काम गर्न कठिनाइ भएको उनले बताए।

सोही कारण संशोधनको तयारी गरिएको उनले तर्क गरे। सो ऐन तत्कालीन सामाजिक विकास मन्त्रालयले तयार गरेको थियो। ०७५ मंशिर १६ गते प्रदेशसभामा दर्ता भएको सो सम्बन्धी विधेयक संसदबाट पास भएपछि सोही वर्ष पुस २९ गते तत्कालीन प्रदेश प्रमुखले प्रमाणीकरण गरेका थिए।

मंगलबार प्रदेशको बैठकको विशेष समयमा बोल्दै नेपाली काँग्रेसका सांसद राम सरोज यादवले सरकारको काम सुस्त गतिमा भइरहेको बताए।

प्रदेश सरकारको अधिकांश बजेट अनुत्पादक क्षेत्रमा खर्च भएको कारण जनताले कामको अनुभूति गर्न नपाएको उनले बताए।

कृषि र सिँचाइमा अलिकति काम भए पनि सन्तोषजनक नभएको धारणा छ। 'विगतको कमजोरी सुधार गरेर तीव्र गतिमा अगाडि बढ्नुपर्छ,'उनले भने,'संसदमा प्रतिनिधित्व गर्ने अधिकांश पार्टीको नाममा समाजवादी छ। तर वास्तविक समाजवाद जस्तो कामै भएको छैन्।'

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)की सांसद रानी शर्मा तिवारीले प्रदेश सरकारले महिला बालबालिका मन्त्रालय नाम हटाएकोमा आपत्ति जनाइन्।

जनलोकपाल आयोग पनि विवादित बन्दै गइरहेको भन्दै आयोगमा देखिएको वेतिथि सुधार गर्न सरकारसंग उनले अनुरोध गरिन। समयमै सुधार नभए सबैमाथि प्रश्न उठन सक्ने उनले शंका व्यक्त गरिन्। 'महोत्तरीमा दिउसै बैंक लटिएको छ। हाम्रो सुरक्षा कहाँ छ ?,'उनले प्रश्न गर्दै भनिन्,'सीमामा पोटरी र मोटरी खोस्ने बाहेक काम भएन्।'

जनमत पार्टीका सांसद चन्दन सिंहले धमाधम मन्त्रालयहरुमा रकमान्तर भइरहेको बताए। सो कार्यप्रति प्रदेश सरकारलाई उनले सचेत गराए।

'बक्यौता रकम दिन छानबिन समिति बनाएका छौं। समितिको समय सकिएको छ। तर कुनै प्रक्रिया अगाडि बढाइएको छैन्,'उनले भने,'अहिले फेरि रकमान्तर भइरहेको छ। समयमा काम हुदैन्, भुक्तानी हुँदैन। अनि फेरि छानबिन समिति बनाउँछौं। यो सिलसिला कहिलेसम्म चल्छ ?' सरकार यसमा गम्भीर हुनुपर्ने उनले माग गरे।

लोसपाका सांसद उपेन्द्र महतोले प्रदेश सरकारको काम कारबाहीप्रति असन्तुष्टि व्यक्त गरे। केन्द्र/स्थानीय सरकारको बीचमा प्रदेश सरकारलाई बिचौलियाको रुपमा खडा गरिदिएको उनले बताए।

पालिकालाई दिइने सशर्त अनुदान रकममा व्यापक कमिशनको चलखेल भएको उनले बताए। 'सरकार सफा छ भने एउटा समिति बनाओस्।

यसपालि दिएको समस्या आगामी दिनमा सुधार गरिने। तर यस पटकलाई के गर्ने ?,'उनले भने,'एउटा समिति बनाएर कमिशन लिइएको हरुसँग गुनासो संकलन गर्नपर्छ।' प्रि बजेट छलफलमा ढिलाइ भएको भन्दै उनले सरकारको ध्यानाकर्षण गराए।

# संकटमोचनको पठन–पाठन बन्द दोषीमाथि कारबाहीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका-४ मा रहेको संकटमोचन देवशरण रामरति माध्यमिक विद्यालयको पठन पाठन बन्द गरिएको छ।

आइतबारका दिन बाहिरबाट आएका अपरिचित समूहले विद्यालयका अखिलेश झालगायतका शिक्षकहरुमाथि हातपात गरी गम्भीर घाइते बनाएको थियो।



सो घटनाको विरोध गर्दै विद्यालय बन्द गरिएको भन्दै सोमबार विद्यालयका प्रधानाध्यापक बलराम साहले एक सूचना जारी गरेका थिए। उनले जारी गरेको सूचनामा भनिएको छ ,'दोषीमाथि कारबाही नभएसम्म विद्यालय बन्द रहने छ।'

विद्यालय भित्र प्रवेश गरेर शिक्षकमाथि भएको कुटपिटको घटना निन्दनीय मात्र होइन विद्यालयलाई बद्नाम गर्ने प्रयाससमेत रहेको विद्यालयका शिक्षक अरुण कुमार कर्णले बताए।

उनले भने,'शिक्षकले गल्ती गरेको नगरेको बारे विद्यार्थीहरुलाई बोलाएरै सोध्दा उनीहरुले कुनै पनि समस्या नरहेको बताएका थिए तर बाहिरबाट आएका केही व्यक्तिहरुले बिना मतलब अखिलेश झालगायतलाई कुटपिट गरे।'

विद्यालयको निम्न माध्यमिक तहको कम्प्युटर शिक्षक अखिलेश झालाई एक समूहले योजनाबद्ध रुपमा विद्यालयमा प्रवेश गरेर कुटपिट गरेको र विद्यालयलाई बद्नाम गर्ने षड्यन्त्र नै गरिएको शिक्षक कर्णले स्पष्ट पारे। दोषीहरूलाई पक्राउ गरेर कारबाही नगरेसम्म विद्यालयको पठन पाठन ठप्प रहने उनले बताए।

विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिको सोमबार बसेको बैठकबाट दोषीलाई पक्राउ गरेर कारबाही नगरेसम्म विद्यालयको पठन-पाठन ठप्प रहने जनाइएको छ। पठन पाठन ठप्प भएपछि विद्यार्थी मारमा परेका छन्।

विद्यालयमै कार्यरत एक शिक्षकले नाम नखुलाउने सर्तमा भने,'संकटमोचनमै कार्यरत एक शिक्षक जसले कोचिंगसमेत संचालन गरेका छन् उसैले यो घटना योजनावद्ध रुपमा गराएकोले दोषीमाथि कारबाही हुनैपर्छ'।

सो विद्यालयमा आइतबार घटेको घटनाको विरोधमा शिक्षकहरूले प्रहरीमा लिखित रुपमा कारबाहीका लागि उजुरीसमेत दिएका छन् तर सो निवेदनमाथि कुनै सुनुवाइ नभएको गुनासो शिक्षकहरुले पोखेका छन्।

यसै बीच नेपाल शिक्षक संघ नगर समितिले शिक्षकमाथि हातपात गर्ने दोषी माथि कारबाही नभएको खण्डमा नगर भरिका विद्यालयका शिक्षकहरू विद्यालय बन्द गरेर कडा आन्दोलनमा उत्रने जनाएको छ।

संघका नगर अध्यक्ष गौरी शंकरलाल कर्णले असामाजिक तथा गैर अभिभावकले आइतबार विद्यालयमा प्रवेश गरेर शिक्षकमाथि हातपात गरेको जनाएको छ।

# गंगाआरतीको ९ औं वार्षिकोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको ऐतिहासिक तथा धार्मिक पोखरी गंगासागरमा हुँदै आएको गंगाआरतीको ९ औं वार्षिकोत्सव धुमधामका साथ सम्पन्न भएको छ।

पोखरीको सरसफाइ अभियानबाट शुरु भएको गंगा आरतीको मंगलबार ८ वर्ष पूरा गरी ९ औं वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै धुमधामका साथ वार्षिकोत्सव मनाइएको छ।

मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रको प्रमुख आतिथ्यमा सम्पन्न सो समारोहमा भारतीय महावाणिज्यदूतावास वीरगञ्जका महावाणिज्यदूत नितिश कुमार,सांसदहरु रामअशिष यादव,दीपेन्द्र ठाकुर,तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता डा.विजय कुमार सिंहसहितका व्यक्तिहरुले आरतीको ९ औं वर्षको अवसरमा शुभकामना दिएका थिए। सो अवसरमा गंगासागरमा विशेष भीड लागेको थियो।




यस अघि आइतबार गंगासागरको पोखरीको डिलमा वृक्षरोपण कार्यक्रमको आयोजना गरिएको थियो भने मंगलबार बिहान सामूहिक गंगास्नान कार्यक्रमको आयोजना गरिएको थियो।

'सेभ हिस्टोरिकल' जनकपुरधामको सक्रियतामा शुरु भएको गंगा आरती हाल आएर आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि आकर्षणको केन्द्र बन्दै गएको छ।

दिनहुँ आरती हेर्ने भक्तजनहरुको भीड लाग्ने गरेको छ भने नेपालमै पहिलो पटक शुरु गरिएको गंगा आरती हेर्न प्रत्येक दिन यहाँ पर्यटकको घुइँचो नै लाग्ने गरेको छ।

जनकपुरधाममा शुरु भएको गंगा आरतीपछि, वीरगञ्ज, पोखराको फेवातालका साथै सिरहा, महोत्तरीको जलेश्वर,देवघाटलगायतका देशको विभिन्न स्थानमा आरती हुन थालेको छ।

आरतीमा सहभागी हुन आन्तरिक पर्यटकका अलावा छिमेकी भारत तथा तेस्रो मुलुकबाट समेत पर्यटकहरु आउने गरेको सेभ हिस्टोरिकल जनकपुरका अध्यक्ष एवं प्रदेशसभा सांसद रामअशिष यादवले बताए।

# इनारमा खसेर एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको ढल्केवरमा मंगलबार बिहान इनारमा खसेर एक पुरुषको मृत्यु भएको छ।

मिथिला नगरपालिका-७ ढल्केवरका ३५ वर्षीय घुरन यादवको घर नजिकैको इनारमा खसेर मृत्यु भएको छ।

इनारभित्र मोटर पम्प जडान गर्ने क्रममा सन्तुलन बिग्रेर यादव इनारमा खसेको प्रहरीले जानकारी दिएको छ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राइका अनुसार इनारमा खसेर गम्भीर घाइते भएका यादवको उपचारको क्रममा लालगढस्थित मोडेल अस्पतालमा मृत्यु भएको छ।

इनारमा खसेका यादवलाई घाइते अवस्थामा उद्दार गरी उपचारका लागि पठाइएको थियो।

मृतक यादवको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाउने तयारी गरिएको प्रहरी निरीक्षक राईले जानकारी दिए।

# प्रहरीद्वारा सोनिता हत्याका आरोपिलाई सार्वजनिक

**मनोज माझी**

राजविराज। २१ दिन अघि सप्तरीको बलान विहुल गाउँपालिका- ५ घर भइ हाल राजविराज नगरपालिका- ४ बजरंग टोलमा डेरा भाडामा लिइ बस्दै आएकी एकल महिला ४१ वर्षीया सोनिता देवी यादवको हत्या १० वर्ष देखि लिभिङ्ग टुगेदरमा बसेका उनकै प्रेमीबाट भएको खुलेको छ।


सोमबार साँझ घट्नाका मुख्य आरोपि सार्वजनिक गरेसंगै प्रहरीले घटनाको कारण खुलाएको छ। प्रहरीले हत्याका आरोपि राजविराज नगरपालिका-६ पुर्णी पोखरी टोलका ४२ वर्षीय शंकर शर्मालाई सार्वजनिकसमेत गरेको छ।

उनले आफैले हत्या गरेको स्विकार गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिहले जानकारी दिए।

हत्या घट्ना २०८० वैशाख २४ गते भए पनि अपराधीको खोजतलास, अनुसन्धान तथा अदालतमा म्याद थपलगायतका प्रक्रिया पूरा गर्न समय लागेकाले घट्ना विवरण र यसमा संलग्न अपराधी सार्वजनिक गर्न ढिलाइ भएको प्रहरीले जनाएका छन्।

शर्मालाई प्रहरीले गत वैशाख २६ गते नै भारतीय सीमासंग जोडिएको तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रबाट लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको थियो। प्रहरीले उनको साथबाट सोनिताको मोबाइल र कानमा लगाउने सुनको मुन्द्रासमेत बरामद गरेको छ।

सोनिताको गत वैशाख २४ गते आफ्नै डेरामा हत्या भएको थियो। विवाहितसमेत रहेका शर्मा विगत १० वर्ष देखि एकल महिला सोनिता संग प्रेम सम्बन्धमा रहेको अनुसन्धानको क्रममा खुलेको छ। छिमेकी टोलमा बस्ने शर्माले सोनितासंग सम्बन्ध बढाएका थिए।



समस्या परेका बेला सोनितालाई आर्थिक सहयोगसमेत जुटाइ दिँदै उनले सामिप्यता र घनिष्ठता अझ उनले प्रगाढ बनाएका थिए।

केही समय यता सोनिताको अन्य पुरुषसंग पनि हेमछेम (निकटता) बढ्दै गएको र आफुलाई धोखा दिन खोजेको महसुश भएपछि हामी दुबै बीच मनमुटाव शुरु भएको शर्माले प्रहरी बयानमा उल्लेख गरेका छन्।

घट्नका दिन दुबै जनाले चाउ चाउ पकाएर संगै बसी खाएका थिए। राति १०/११ बजे तिर "तिम्रो लागि धैरै रकम र समय वर्वाद गरे, तर तिमी अब अर्कै केटाहरुसंग लागेको देख्ने गरेको छुँ भन्दै शर्माले कुरा उठाएपछि दुबै बीच विवाद चर्केको अनुसन्धानको क्रममा बुझिएको प्रहरीको भनाइ छ।

त्यसपछि अचानक शर्माले सोनितालाई धक्का दिएको तथा खाटमा लडेपछि सोनिताकै सलबाट घाँटीमा कसेर मारेको अनुसन्धानको क्रममा खुलेको डिएसपी सिंहले बताए।

सोनितको मृत्यु भएको बारे ढुक्क भएपछि उनको मोबाइल र कानमा लगाएको सुनको मुन्द्रा झिकेर आफू सोही राति भारत विहार राज्यको अन्धरामन्ठ ग्राम पञ्चायततर्फ भागेको र एक दिन वसी फर्किदा सीमाक्षेत्रबाट पक्राउ परेको शर्माले बताएका छन्।

उनले भारतको अन्धरामण्ठबाट मृतक कै मोबाइल प्रयोग गरी आफ्नो दिदीलाई घट्नाको बारेमा जानकारी गराउँदै एक पटक घट्नास्थलमा गइ त्यहाँको माहोल के छ ? भनी बुझी खबर गर्न भने पनि दिदी डरले घट्नास्थलमा नगएको प्रहरी अनुसन्धानमा खुलेको छ।

घट्नास्थलमा पटक पटकको अनुसन्धान र अनुगमनपछि अभियुक्तको पहिचान सम्भव भएको प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले बताए। शर्मालाई मुलुक अपराध संहिता २०७४ को परिच्छेद १२ को ज्यान सम्बन्धी कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद लिइ थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# फरक क्षमता भएका विद्यार्थीलाई बस उपलब्ध गराइने

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज




महानगरपालिकाकाप्रमुखराजेशमान सिंहले फरक क्षमता भएका विद्यार्थीका लागि बसको व्यवस्था मिलाइने बताएका छन्।

वीरगञ्जमा मंगलबारदेखि शुरु भएको सरोकारवालाहरूका लागि १० दिने आधारभूत साङ्केतिक भाषा तालिमको उद्घाटन गर्दै उनले फरक क्षमता भएका विद्यार्थीहरूको आवागमन सहज बनाउन यातायातको प्रबन्ध मिलाइने बताएका छन्।

महानगर क्षेत्रमा २ सय जना फरक क्षमता भएका विद्यार्थी रहेको भन्दै उनले उनीहरूको शिक्षाको प्रबन्ध महानगरले गरिरहेको जानकारी दिए।

अहिले पठनपाठन भइरहेको स्थानबाट सारेर अर्को स्थानमा सुविधा सम्पन्न विद्यालय बनाउने काम अघि बढाइएको भन्दै उनले फरक क्षमता भएका बालबालिकाहरूको उज्ज्वल भविष्यको लागि सबै एकजुट भएर काम गर्नुपर्ने बताए।

बहिराहरूको विचार, भावना बुझ्न सकियोस् भन्नै महानगरले साङ्केतिक भाषाको तालिमका लागि सहयोग गरिएको उनले बताए। तालिममा १५ जनाको सहभागिता रहेको छ।

पर्सा फरक क्षमता भएका संघकी उपाध्यक्ष समीक्षा सापकोटाको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा महानगरका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्ण, बहिरा संघ पर्साका अध्यक्ष सगुन श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. व्दारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि वीरगञ्ज, पर्सा जिल्ला, बारा जिल्ला, रौतहट जिल्लाको चन्द्रपुर, सर्लाही जिल्लाको राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन), महोत्तरी जिल्लाको बर्दिबास, जलेश्वर र औरही सिरहाको लहान र सिरहा, सप्तरी जिल्लामा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा,युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

सम्पर्क फोन नं. ९८०१६२६०२१

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८